जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

वर्ष ७ अंक १, २०७५ साल वैशाख ७ गते शुक्रबार, नेपाल संवत् ११३८ (April. 20, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## रेलमा प्रतिस्पर्धा

काठमाडौं । प्रधानमन्त्री केपी ओलीको भारत भ्रमणको उपलब्धिका रुपमा भारतीय रेल काठमाडौं ल्याउने र प्रमुख नदीहरुमा जलमार्ग सञ्चालन गर्ने विषय प्रमुखताका साथ प्रचार गरिएको थियो । चीनको रेल केरुङतर्फ बढिरहेको र त्यसलाई काठमाडौं हुँदै लुम्बिनीसम्म जोड्ने रुपरेखा कोरिरहेको अवस्थामा भारतसँग रेलवे सम्झौता गर्दा चिनियाँहरु झस्किने हुन् कि भन्ने सम्भावना रहेको थियो । परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीको चीन भ्रमणपछि **बाँकी ८ पेजमा**

## श्रद्धाञ्जली तथा समवेदना

काठमाडौं । नेकपा मालेले आफ्नो पार्टीका केन्द्रीय सदस्य क.शत्रुघ्नप्रसाद उपाध्यायको निधनप्रति गहिरो समवेदना व्यक्त गर्दै एक विज्ञप्ति प्रकाशित गरेको छ । विज्ञप्तिमा भनिएको छ- 'यही २०७५ बैशाख १ गते बीरगञ्ज, पर्सा निवासी क. शत्रुध्नप्रसाद उपाध्यायको काठमाण्डौस्थित ओम हस्पिटलमा असामयिक तथा आकस्मिक दु:खद निधन भयो । क. उपाध्याय अनेप्रकि संघका इञ्चार्ज, नेकपा (माले) पर्सा जिल्ला सचिव तथा पार्टी केन्द्रीय कमिटीको सदस्य समेत रहनु भएको थियो । पछिल्लो समयमा क. उपाध्याय २ नं. प्रदेश सभाको निर्वाचनमा नेकपा (माले) का तर्फबाट समानुपातिक उमेद्वार समेत रहनु **बाँकी ८ पेजमा**

# झन् टाढिँदै एमाले-माके एकता

काठमाडौं । कम्युनिस्ट पार्टी स्थापनाका दिन अर्थात् अप्रिल २२ (वैशाख ९ गते) हुने भनिएको एमाले, माओवादी केन्द्रबीचको एकता स्थगन भएपछि राजनीतिक बजारमा विभिन्न टिकाटिप्पणीहरु सुनिन थालेका छन् । कतिपयले एकता नहुने भन्न थालेका छन् भने धेरैले एकता मिति मात्र पर सरेको ठानेका छन् । एमाले र माओवादीका केही नेताहरुले आगामी मे दिवस अर्थात् वैशाख १८ गते एकता हुने दाबी गरेका छन् । तत्काल एकता नहुनुमा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड एकीकृत पार्टीमा आफ्नो भूमिका कमजोर हुने संशयमा पछि हटेको राजनीतिक विश्लेषकहरुको ठहर छ । प्रचण्डले सरकारको नेतृत्व केपी ओलीले गरेका कारण पार्टीको कार्यकारी अध्यक्षको जिम्मेवारी आफूले पाउनुपर्ने भनाइ ओलीसँग राखेको बालुवाटार निकट स्रोतले बतायो । दुई जना अध्यक्ष रहने र प्रचण्डलाई सेरेमोनियल अध्यक्ष बनाउने ओली कोटरीको डिजाइन बुझेपछि प्रचण्डले हतारमा एकता गरेर फुर्सदमा पछुताउन नचाहेको एक माओवादी केन्द्रका नेताले खुलाए ।

बहुदलीय संसदीय व्यवस्थामा पार्टीहरु फुट्नुभन्दा जुट्नुलाई असल मानिन्छ । अझ नेपाली कम्युनिस्ट पार्टीहरुको इतिहास त फुट र एकताकै श्रृंखलाले भरिएको छ । मुलुकमा एउटै मात्र यदि कम्युनिस्ट पार्टी हुन्थ्यो भने नेपाली कांग्रेसले





०४६ सालपछि सत्ता रोहणको अवसर सम्भवत: पाउने थिएन । केसरजंग रायमाझीले कम्युनिस्ट पार्टीलाई दरबारको हजुरिया बताएपछि सुरु भयो पार्टी विभाजनको अनन्त कालचक्र । पुष्पलालले २००६ सालमा निर्माण गरेको कम्युनिस्ट पार्टीले कालान्तरमा दर्जन पार्टीको रुप ग्रहण गर्‍यो । मोहनविक्रम, निर्मल लामा, रुपलाल विश्वकर्मा, मोहन वैद्य हुँदै प्रचण्डसम्म एकता केन्द्रको धाँजा फाट्यो । यसको विपरीत २०४६ सालमा मनमोहन-साहनाको मार्क्सवादी समूहसँग तत्कालीन अवस्थाको मालेले हेन्डसेक गरेर एमाले पार्टी बन्यो । मालेका संस्थापक महासचिव सीपी मैनालीलाई २०३९ सालमा जब बनारस लखेटियो झलनाथ खनाल महासचिव बने । खनालपछि ०४६ सालमा मदन भण्डारी माले महासचिव भए । उनकै अगुवाईमा मार्क्सवादीसँग एकता सम्भव भयो । ०४८ सालको संसदीय निर्वाचनपछि एमाले प्रमुख प्रतिपक्षी दलको हैसियतमा देखियो । युरो कम्युनिज्मको फोटोकपी गर्दै मदन भण्डारीले जनताको बहुदलीय जनवादको नयाँ कार्यनीति एमालेमा भित्र्याएपछि एमालेको क्रान्तिकारी चरित्र स्खलित मात्र भएन एमाले भाइ कांग्रेसमा रुपान्तरित भयो । बहुसंख्यक नेपाली जनता कम्युनिस्ट समर्थक भएका कारण मात्र एमालेले कम्युनिस्ट ट्रेडमार्क बोकेको हो, अपितु यो कम्युनिस्ट पार्टी भने होइन ।

२०२६/२७ सालमा मनमोहन नेतृत्वको पूर्वकोशी प्रान्तीय कमिटीबाट विद्रोह गर्दै मोहनचन्द्र अधिकारी, आरके मैनालीहरुले छुट्टै झापा जिल्ला कमिटी गठन गरे । त्यसबेला भारतको नक्सलबाडीमा चारु मजुमदार नेतृत्वको भाकपा मालेले वर्गशत्रु सफाय अभियान अर्थात् सशस्त्र छापामार विद्रोह सञ्चालन गरेर सिंगो भारतीय उपमहाद्वीपमै खैलाबैला मच्चाइरहेको थियो । चारुले भारतीय कम्युनिस्ट पार्टी मार्क्सवादीबाट विद्रोह गरेर दीर्घकालीन सशस्त्र गुरिल्ला युद्धको शंखनाद गरेका थिए । त्यसको प्रभाव सीमावर्ती भूगोल झापामा पर्नु स्वाभाविक थियो । झापाका सीपी मैनाली, नेत्र घिमिरे, वीरेन राजवंशी, नारद वाग्ले, रामनाथ दाहाललगायत थुप्रै वामयुवाहरु संगठित भएपछि सुरु भयो सशस्त्र छापामार युद्ध । जमिनदार सफाय उक्त अभियान तत्कालीन निरंकुश पञ्चायती शासनका निम्ति गतिलो झापट थियो । वर्तमान प्रधानमन्त्री केपी ओली पनि झापा आन्दोलनकै लिगेसीबाट राष्ट्रिय राजनीतिमा उदाएका हुन् । आन्दोलनबाट पलायन भए पनि उनलाई पञ्चायती शासक वर्गले जेलमा कोचेरै छोडे । डेढ दशक जेल जीवन बिताएका ओली नेपालको प्रजातान्त्रिक इतिहासकै सबभन्दा शक्तिशाली प्रधानमन्त्री छन् अहिले । ओलीले झापा आन्दोलन 'उग्रवामपन्थ भड्काव' भनेर एक्सक्युज गरिसकेका छन् । जमिनदार सफायबाट शोषणको प्रतिनिधित्व समाप्त नहुने भएकाले झापा विद्रोह सही नभए पनि त्यसले नेपालमा क्रान्तिकारी कम्युनिस्ट धारको प्रतिनिधित्व भने अवश्य गरेको थियो । किसान जागे सामन्त मासे यो देश बन्छ बन्छ देशले मुक्ति पाएर भोलि काँचुली फेर्छ फेर्छ भन्दै मुक्ति अभियानको सुरुवात गरेको थियो ऐतिहासिक झापा विद्रोहले ।

कोअर्डिनेसनल कमिटी हुँदै ०३५ सालमा नेकपा मालेको गठन हुन सक्नु झापा विद्रोहकै परिणाम थियो । सन् १९७१ मा भाकपा मालेका तत्कालीन महासचिव चारु मजुमदार बिरामी अवस्थामा पक्राउ परे । नक्सलवादी विद्रोह दमन गर्न इन्दिरा गान्धी नेतृत्वको केन्द्र सरकारले सेना, सशस्त्र बल र प्रहरी तीनवटै अंगहरुको परिचालन गर्‍यो । सयौं नक्सलवादी विद्रोहीहरुको हत्या गरियो । कालु सन्थाल **बाँकी ८ पेजमा**

# महालेखाले औंल्यायो सेनाभित्रको बेथिति

काठमाडौं । महालेखा परीक्षकको कार्यालयले हालै जारी गरेको ५५ औं वार्षिक प्रतिवेदनले नेपाली सेनामा समेत भ्रष्टाचार हुने गरेको राज उजागर गरेको छ । नेपाली सेनाकै परमाधिपति राष्ट्रपति विद्यादेवी भण्डारीलाई बुझाएर सार्वजनिक गरिएको प्रतिवेदनमा नेपाली सेनाको आर्थिक अनियमितताको फेहरिस्त निकै लामो छ । सशस्त्र प्रहरी बल र नेपाल प्रहरीभित्र भ्रष्टाचार हुने गरेको तथ्य भने नयाँ होइन । नेपाल प्रहरीका पूर्व आईजीपीहरु प्रायश: भ्रष्टाचारमा मुछिएकाले प्रहरी संगठन नै बदनाम भएको स्मरणीय छ । तर आर्थिक सुशासन कायम गर्ने संगठनका रुपमा चिनिएको नेपाली सेनाभित्रै आर्थिक अनियमितता चुलिनु सर्वसाधारणका लागि समेत आश्चर्यको विषय बनेको छ ।

अर्थमन्त्रालयबाट रकमान्तर गरी प्रबन्ध तथा सम्भार रथी विभागलाई हेलिकोप्टर किन्न एक अर्ब ६८ करोड दिइएको छ । सार्वजनिक खरिद ऐनअनुसार कुनै खास उत्पादक कम्पनीबाट निर्मित खरिद गर्ने गरी स्पेसिफिकेसन तयार गर्न नहुने र नियमावलीमा चालु वा अघिल्ला वर्षमा खरिद गर्दा लागेको वास्तविक लागत स्थानीय वा अन्य बजारको प्रचलित दरभाउ



र ढुवानी खर्च समेतको आधार लिई लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ ।

नेपाली सेनाले एउटा मिडियम हेलिकोप्टर किन्न एक कम्पनीले उपलब्ध गराएको मूल्यलाई मात्र आधार लिई १ करोड ४० लाख युरो लागत अनुमान स्वीकृत गरी सूचीकृत हुन सूचना माग गर्दा ६ देशका कम्पनी सूचीकृत भएका थिए । सूचीकृत सबै कम्पनीबाट प्रस्ताव मात्र गरेकोमा लागत अनुमानको लागि मूल्यसूची उपलब्ध गराउने इटलीको एक कम्पनीले मात्र प्रस्ताव पेस गरेकाले निजसँग १ करोड ३९ लाख ८४ हजार युरोमा खरिद सम्झौता गरी प्रतीतपत्र खोलेको छ ।

नेपाल सरकारले सुरक्षा सामरिक वा प्रतिरक्षा सामग्री आपूर्ति गर्ने कार्यविधि २०६४ अनुसार मन्त्रिपरिषद्को बैठकबाट प्रतिस्पर्धा सुनिश्चितता हुने गरी खरिद गर्न स्वीकृति दिएकामा एक मात्र प्रस्ताव पेस भएको र सोही बोलपत्र स्वीकृत भएकाले प्रतिस्पर्धाको सुनिश्चितता नदेखिएको महालेखाले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ ।

हेलिकप्टर खरिद गर्ने निर्णय भएपछि हेलिकप्टरको सञ्चालन क्षमता बढाउन अतिरिक्त उपकरण आवश्यक रहेको भनी हेलिकप्टर खरिद गरी बचत हुने ३ लाख ८६ हजार युरोमा चार किसिमका उपकरण कम्पनीबाट खरिद गर्ने निर्णय भएको थियो । हेलिकप्टरको लागत अनुमान तयार गर्दा आवश्यक पर्ने उपकरण समेत समावेश गरी खरिद गर्नुपर्नेमा भेरिएसन गरी खरिद गरिएकाले ती उपकरण आवश्यक भए/नभएको समेत नदेखिएको महालेखाले जनाएको छ । बोलपत्र पेस गर्दा स्थानीय एजेन्ट नभएको **बाँकी ८ पेजमा**

# क्रिश्चियन धर्म प्रचारमा समाज कल्याणको अनुमति



काठमाडौं । नेपालको संविधानले धर्म परिवर्तनको गतिविधिमाथि पावन्दी लगाएको छ । तर धर्म परिवर्तनलाई लक्षित गरी परियोजना सञ्चालन गर्ने संघसंस्थालाई समाज कल्याण अनुमति दिएको महालेखा परीक्षकले खुलाएको छ । महालेखाको प्रतिवेदन अनुसार नयाँ पादरीलाई प्रशिक्षित गर्दै सबै हिन्दुलाई पादरीमा रुपान्तरण गर्ने विषय पृष्ठभूमिमा उल्लेख भएको 'भिजन नेसन्स' नामक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट निरन्तर सहयोग प्राप्त गरी सन् २००८ देखि सञ्चालनमा रहेको 'भर्सिमिसन' हिमालयज नामक संस्थाले समाज कल्याण मन्त्रालयबाट अनुमति पाएको हो ।

सो अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग सन् २०१५।१६ का लागि १ करोड ९ लाखको सम्झौता गरेको थियो । समाज कल्याण परिषद्सँग **बाँकी ८ पेजमा**

# शिक्षामा साँच्चीकै सुधार ल्याउने हो भने...

काठमाडौं । यो साता शिक्षा क्षेत्रमा निकै उत्साहजनक समाचार आइरहेका छन् । प्रधानमन्त्री केपी शर्मा ओली, माओवादी अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल, प्रदेश ७ का मुख्यमन्त्री त्रिलोचन भट्ट, शिक्षामन्त्री गिरिराजमणि पोखरेल लगायतका उच्चस्तरका नेतादेखि लिएर वडा अध्यक्षहरुसम्म गरिब बालबालिकाका सेलिब्रेटी अभिभावक बनेका समाचारले राम्रै बजार तताइरहेको छ । ब्रोडसिट अखबारमा रंगीन कलेबरमा छापिएका तस्बिरमा प्रधानमन्त्रीको काखमा गरिब बालबालिका खेलिरहेको तस्बिरले अब साँच्चीकै शिक्षाको ज्योति गरिबका छुपडीहरुमा छिर्न लागेको झल्को दिन्छ ।

राष्ट्रिय स्तरमै सञ्चालन भइरहेको विद्यार्थी भर्ना अभियानमा गरिब बालबालिकाको अभिभावकत्व ग्रहण गर्न सबैलाई आह्वान गरिएको छ । त्यसैअनुरुप नेताहरु अभिभावकत्व ग्रहण गर्दै हिँडिरहेका छन् र मिडियामा प्रचारबाजी पनि गराइरहेका छन् । नेताहरुले देखाएको अभिभावकत्व ग्रहणको उत्साह राम्रो भए तापनि यसले शिक्षामा आमूल परिवर्तन ल्याउन सक्दैन । हाम्रो शिक्षा क्षेत्र अत्यन्तै भद्रगोल र बिग्रिएको अवस्थामा छ । सामुदायिक विद्यालय र निजी विद्यालयको शैक्षिक अवस्थामा आकाश जमिनको फरक छ । सामुदायिक विद्यालयको शैक्षिक स्तर उठाउन बाल विकास समाज लगाायतका सामाजिक संस्थाले पनि **बाँकी ८ पेजमा**

# समृद्धिको सपना जनताले देख्न नपाउने ?

■ **सुस्मिता राणा**

२००७ सालमा ८० लाख जनसंख्या भएको नेपाल अहिले लगभग ३ करोड जनसंख्याका साथ गणतन्त्रात्मक संघीय शासन व्यवस्थाको यात्रा गर्दैछ । २००७ सालपछि मुलुकभित्रका परम्परावादी र क्रान्तिकारी शक्तिबीचचको ध्रुवीकरण र संघर्ष अनि भारतीय प्रधानमन्त्री पं. जवाहरलाल नेहरुको नेपालमा भएको परिवर्तनको गतिलाई भारतीय हितअनुरुप नियन्त्रणमा राख्ने चाहनाका कारण क्रान्ति अधुरै रह्यो ।

राज्य सञ्चालनको शक्तिकेन्द्र सिंहदरबारबाट नारायणहिटीको प्रत्यक्ष निगरानीमा शासन सञ्चालन भयो । त्रिभुवनको मृत्युपछि राजा महेन्द्रले आफ्ना बाबुले गरेको जननिर्वाचिचत प्रतिनिधिहरुबाट मुलुकको संविधान बनाइने वाचा लत्याएर आफूलाई असीमित अधिकार भएको संविधान र त्यसैको आधारमा प्रथम आम निर्वाचन गराए ।

संसदको निर्वाचनपश्चात् मुलुकले पाँच वर्ष राज्य सञ्चालन गर्ने अधिकार पाएको थियो । निर्वाचनमा दुईतिहाई बहुमत पाएको नेपाली कांग्रेस र प्रधानमन्त्री बीपी कोइराला नेतृत्वको सरकार मुलुकलाई आधुनिकीकरणतर्फ डोर्‍याउन अग्रसर थियो । तर १८ महिनाभन्दा कम अवधिमै राजा महेन्द्रले शासन आफ्नो हातमा लिए । उनले राजनीतिक दलहरुलाई प्रतिबन्ध लगाए । मुलुकलाई प्रजातान्त्रिक लिकबाट बाहिर निकाले र हुकुमी शासनको नयाँ रुपमा दलविहीन पञ्चायत व्यवस्था सुरु गरे ।

अरु मुलुकले सय वर्षमा हासिल गरेको विकास दश वर्षमा गर्ने, पच्चीस वर्षमा मुलुक एसियाली मापदण्डमा पुग्ने जस्ता नारा राजाहरुले लगाए । तर तीन दशकको त्यो अवधिमा जनसंख्या ९४ लाखबाट बढेर १ करोड ८० लाखमा पुग्यो । कुल राष्ट्रिय आय प्रतिवर्ष ३ प्रतिशतको हाराहारीमा मात्र बढ्यो । पञ्चायतको अन्तिम वर्ष २०४६ मा हाम्रो प्रतिव्यक्ति औसत वार्षिक आय १ सय ८० अमेरिकी डलर रह्यो । २००७ सालदेखि २०४६ सालसम्मको अवधिमा आधुनिकीकरणका निम्ति आवश्यक केही संस्थागत र पूर्वाधारहरु निर्माण नभएका होइनन् । पूर्वाधारहरुको निर्माणमा नेपालप्रति सद्भाव राख्ने विदेशी मुलुकहरुकै योगदान देखिन्छ न कि पञ्चायती शासक वर्गको । २००८ देखि २०१५ सम्म चुनाव अघिसम्म ८ वटा सरकार परिवर्तन भए । दुई पटक त सरकार प्रमुख राजा नै भए ।

पञ्चायती कालमा राजाले १६ पटक मन्त्रिमण्डल गठन र विघटन गरे । सूर्यबहादुर थापा र मरिचमान सिंहले मात्र चार वर्षसम्म प्रधानमन्त्री बन्ने अवसर पाए । ०४६ देखि ०७१ सम्म २३ वटा सरकार परिवर्तन भए । तीमध्ये राजा ज्ञानेन्द्र आफैंले दुई सरकारको नेतृत्व गरे । गणतान्त्रिक नेपालको १२ वर्षको अवधिमा ११ प्रधानमन्त्रीहरु बनिसके । २००७ सालको क्रान्छिपछि मुलुकले दुई ठूला जनआन्दोलन खेप्यो । **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# अत्यावश्यक थियो सिन्डिकेट खारेजी

सरकारले जिल्ला प्रशासन कार्यालयमार्फत यातायात समिति दर्ता गरी सञ्चालन गर्दै आएको सिन्डिकेटको जालो भत्काउने निर्णय गरेको छ । जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका यस्ता समिति अब नवीकरण नहुने भएका छन् । सञ्चार राज्यमन्त्री गोकुल बास्कोटाका अनुसार सरकारको यो निर्णय तत्काल मुलुकभर कार्यान्वयन हुनेछ । यातायात क्षेत्रमा कुनै पनि खाले सिन्डिकेट लागू गर्न नपाउने व्यवस्था कानुनमा भए तापनि यसको व्यवहारमा कार्यान्वयन भएको थिएन । कानुनी रूपमा सिन्डिकेट अन्त्य भएको २५ वर्षपछि मात्र व्यवहारमा सिन्डिकेट अन्त्य हुने भएको छ । सरकारले गरेको यो निर्णयसँगै मुलुकभर दर्ता भएका ३ सय ७ वटा यातायात समितिको सिन्डिकेटको जालो भत्किने छ ।

इातायात क्षेत्रमा समितिहरूले जबरर्जस्ती लगाएको सिन्डिकेटका कारण यातायातका आम उपभोक्ताका रूपमा रहेका सर्वसाधारण जनताले ठूलो सास्ती झेल्नु परिरहेको छ । सिन्डिकेट सञ्चालन गर्ने समितिहरूले नयाँ गाडी आउन नदिने र ठूलो प्रयासपछि ल्याइहालेको खण्डमा पनि हुलहुज्जत गरेर, गाडी तोडफोड गरिदिएर चल्न नदिने अवस्थामा पुर्‍याउने गरेका थिए । हालै मात्र काठमाडौं भक्तपुर हुँदै बनेपा धुलिखेल रूटमा चल्ने मयुर यातायातका गाडीहरू, अरनिको यातायात समितिमार्फत सिन्डिकेट सञ्चालन गर्नेहरूले तोडफोड गरिदिएका थिए । सरकारी सुरक्षामा सिटी मेट्रो, साझा लगायतका गाडी उक्त रूटमा चल्न थालेपछि सिन्डिकेटका सञ्चालकहरूले पनि हडताल तोडेर नियमित यातायात सञ्चालन गर्न थालेका थिए ।

मन्त्रिपरिषद् बैठकले संघसंस्था दर्ता ऐन २०३४ अनुसार यातायात क्षेत्रसँग सम्बन्धित संघसंस्थाहरूको दर्ता तथा नवीकरण जिल्ला प्रशासन कार्यालयले नगर्ने निर्णय गरेको छ । अब यातायातसँग सम्बन्धित कुनै पनि संस्था जिल्ला प्रशासन कार्यालयमा दर्ता हुने छैनन् । यातायात व्यवसाय सञ्चालन गर्न कम्पनी रजिस्ट्रारमा दर्ता हुनुपर्ने व्यवस्था सरकारले गरेको छ । अहिलेसम्म दर्ता भएका ३०७ वटा समिति गैरसरकारी संस्थाका रूपमा दर्ता भएका छन् । गैरसरकारी संस्था गैरनाफामूलक, गैर व्यावसायिक भए तापनि यातायात संस्थाहरूले व्यवसाय पनि गरिरहेका र नाफा पनि कमाइ नै रहेका छन् । सिन्डिकेटको आडमा थोत्रा सवारी साधन चलाउने र यात्रु तानातान र कोचाकोच गर्ने प्रचलनले यात्रुले पैसा तिरेर पनि गुणस्तरीय सेवा यातायात क्षेत्रबाट पाउन सकेका छैनन् ।

सरकारले सिन्डिकेटको जालो भत्काउने निर्णय गरेसँगै यातायात व्यवसायीको छाता संगठनका रूपमा रहेको यातायात व्यवसायी महासंघ तथा विभिन्न समितिहरूले सरकारविरूद्ध कडा संघर्ष गर्ने घोषणा गरेका छन् । सरकारका तर्फबाट पनि सिन्डिकेटविरूद्ध कडा जवाफ दिइएको छ । व्यवसायीले हडताल गरेमा सरकारले सवारी साधन नियन्त्रणमा लिएर सञ्चालन गर्नेसम्मको तयारी गरेको भनाइ सार्वजनिक भएको छ । विगतमा व्यवसायीहरूले सरकारलाई झुकाउँदै आएका छन् । अहिले बलियो सरकार रहेको र जनताले पनि पूरापूरा साथ दिने सम्भावना भएकाले सिन्डिकेट तोड्ने योभन्दा राम्रो मौका अरू हुन सक्दैन ।

यातायात क्षेत्रमा देखिएको बेथिति तोडेर प्रतिस्पर्धी बनाएको खण्डमा भाडा शुल्क नियन्त्रण हुनुका साथै यात्रुले पाउने सेवा सुविधा पनि वृद्धि हुँदै जानेछ । त्यसैगरी यातायात क्षेत्रलाई कम्पनी दर्तामा ल्याएको खण्डमा राजस्व वृद्धिमा समेत योगदान पुग्नेछ । यसैगरी ट्रक लगायतका ढुवानी सेवा सञ्चालन गर्नेहरूले पनि सिन्डिकेटको आधारमा महँगो भाडा असुली गर्नाले उपभोग्य वस्तु लगायतको मूल्यवृद्धि हुने गरेको छ । ट्रक व्यवसायीहरूको सिन्डिकेट समेत अन्त्य भएको खण्डमा मूल्यवृद्धि नियन्त्रणमा राहत पुग्नेछ । सरकारले सुरू गरेको सिन्डिकेट अन्त्यको अभियानमा सबैले साथ दिनैपर्ने हुन्छ ।

# के हो एसिया अफ्रिका ग्रोथ कोरिडर ? किन आयो यो अवधारणा ?




**सुरेन्द्र ढकाल**
पोलिटब्युरो सदस्य
(नेकपा माले)

भारतले जापान र केही अफ्रिकी देशहरुलाई मिलाएर २५ मे २०१७ का दिन एसिया-अफ्रिका ग्रोथ करिडर नामक एक आर्थिक सहयोग सम्बन्धी सम्झौता अघि सार्‍यो । यस अवधारणा गुजरातमा भएको अफ्रिकी विकास बैंकको बैठकको अवसरमा प्रस्तुत भएको थियो । विकासशील राष्ट्रहरुको लागि अनुसन्धान तथा सूचना प्रणाली नयाँ दिल्ली, इकोनोमिक रिसर्च इन्स्टिच्युट फर आसियान जाकार्ता र इन्स्टिच्युट अफ डिभलपिङ इकोनोमिज जापानका प्रतिनिधिहरुले यस बैठकमा भाग लिएका थिए । यी प्रतिनिधिहरुले एसिया र अफ्रिकाका प्रबुद्ध समूह (थिंक टैंक) हरुसँग सरसल्लाह गरी दीर्घकालीन सोचसहितको एक प्रस्ताव पत्र तयार गरेका थिए । बैठकले तयार पारेको यस प्रस्तावपत्र जसलाई एसिया अफ्रिका ग्रोथ करिडर भनिन्छ, यसको उत्पादन, प्रकोप ब्यवस्थापन, सीप विकास, कृषि र कृषि वस्तु प्रसोधनका लागि आवश्यक गुणात्मक भौतिक पूर्वसंरचनाको विकासलाई प्राथमिकता दिनु थियो । यस अवधारणालाई कार्यरुपमा परिणत गर्न सहभागी अफ्रिकी देशहरुलाई भारत, दक्षिण पूर्वी एसियन देशहरु र अष्ट्रेलियाली महादेशका देशहरुसँग सामुद्रिक मार्ग (सामुद्रिक सिल्क रोड) ले जोडने लक्ष्य राखिएको छ । जसअनुरुप भारतको गुजरात जामनगरमा रहेको समुद्री वन्दरगाह, इडेन खाडीमा रहेको जिबुटीको वन्दरगाह, अफ्रिकाको मोम्वासा र जान्जीवारका वन्दरगाहहरु, मदुराइ र कलकत्ताका वन्दरगाहहरु र म्यानमारको सित्वे वन्दरगाहहरुबीच सिधा ब्यापरिक जलमार्गले जोडिने भनिएको छ । यस एसिया अफ्रिका ग्रोथ करिडरको अवधारणाले चार विभिन्न क्षेत्र जस्तो गुणात्मक भौतिक विकासका पूर्व संरचनाको सिर्जना, संस्थागत सूचनाको आदानप्रदान अनि सीप र क्षमताको विकास, जनता-जनताबीचको सहकार्यमा सम्पन्न गरी यस इण्डो प्यासिफिक र अफ्रिकन क्षेत्रको विकास र समृद्धि गर्ने भनिएको छ । यसप्रकार पहिल्याइएका यी चार विभिन्न क्षेत्रलाई यस अवधारणाले




मुख्य घोषित उद्देश्य भनेको जापान र भारतको सहकार्यमा अफ्रिकामा गुणात्मक विकासका पूर्वसंरचनाहरुको विकास गर्नु, उनीहरुबीच सूचनाको आदानप्रदान (डिजिटल कनेक्टीभीटी) स्थापित गर्नु र सहभागी देशहरुबीच खुला र स्वतन्त्र हिन्द प्रशान्त (इण्डो प्यासिफिक) क्षेत्रीय ब्यापारको विकास गर्नु थियो । यस अवधारणा अनुसार सहभागी राष्ट्रहरुका स्वास्थ्य र औषधी यस क्षेत्रको सर्वांगिण विकास र समृद्धिको लागि आवश्यक चार स्तम्भ भनेको छ । यस अवधारणालाई यथार्थमा परिणत गर्न वित्तीय स्रोतको प्रभावकारी परिचालन यस क्षेत्रका सहभागी सदस्य राष्ट्रहरुको सामाजिक आर्थिक विकासका लागि गर्नुपर्ने, उच्च गुणात्मक मापदण्डको प्रयोग गरी सदस्य राष्ट्रहरुबीच वातावरणीय र सामाजिक असरलाई न्यून गर्ने, भौतिक विकासका पूर्वसंरचना





निर्माण गर्दा आर्थिक रुपबाट सम्भव अनि, समावेशी, सुरक्षित र प्रकोप प्रतिरक्षात्मक, दक्षता र दिगोपनलाई ब्यवस्थित गर्ने कुरालाई जोड दिइएको छ ।

### किन आयो यो अवधारणा ?

सोभियत संघ र पूर्वी युरोपेली समाजवादको पतन साथै एकातर्फ अमेरिका र सोभियत संघबीचको शीतयुद्ध समाप्त भयो भने अर्कोतर्फ यी दुवै खेमामा नरही बेग्लै रहेका असंलग्न भनिने तर दुवै खेमासँग सहयोग लिन नचुक्ने असंलग्न आन्दोलन पनि सेलायो । हिजोसम्म अति कमविकसित र विकासशील राष्ट्रलाई आर्थिक सहयोग दिने भन्ने अमेरिका र पश्चिम युरोपेली राष्ट्रहरु अब सहयोग होइन, सौविध्यपूर्ण ब्यापार गरौं भन्न थाले । यसै अनुरुप विश्व ब्यापार संगठन खडा हुन पुग्यो । के अमेरिका के चीन के भारत र के नेपालजस्तो अति कमविकसित राष्ट्र पनि विश्व ब्यापार संगठनको सदस्य बन्न पुगे । यसै विश्व ब्यापार संगठनको सदस्यतालाई सदुपयोग गरी ब्यापार गर्न सकेको कारण चीनले सम्पूर्ण विश्वलाई आफ्नो बजार बनायो । यसरी गरेको ब्यापार नाफाको कारण चीनको केन्द्रीय बैंकमा ४० खरब विदेशी मुद्रा जम्मा हुन पुग्यो । यसको ठीक विपरीत अमेरिका, भारत र युरोपेली देशहरु चीनसँगको ब्यापारमा घाटाको स्थितिमा पुगे । विश्व ब्यापारको माध्यमबाट विश्व अर्थ ब्यवस्थालाई आफ्नो नियन्त्रणमा लिन चीनले एकातर्फ आफ्नै अन्तर्राष्ट्रिय लगानी विकास बैंक स्थापना गरी अमेरिकी नेतृत्वमा रहेको विश्व बैंक र जापानको नेतृत्वमा रहेको एसियाली विकास बैंकलाई खुला चुनौति दियो भने अर्कोतर्फ आफूसँग ब्यापार गर्ने सबै राष्ट्रलाई एकै यातायात संरचनाभित्र ल्याउन जल, स्थल दुवै मिलाई चीनले वन वेल्ट वन रोड अथवा वेल्ट रोड इनिसियटिभ (विआरआई) सुरु गरेपछि अमेरिका, जापान, भारत र युरोपेली देशमा कोलाहल मच्चियो । चीनको विआरआइ परियोजनालाई चुनौति नदिने हो भने सम्पूर्ण विश्व ब्यापार र लगानी चीनको हातमा जाने देखी अमेरिका पर्दा पछाडि बसेर भारत र जापानलाई अघि सारी उनीहरुले एसिया अफ्रिका ग्रोथ करिडरको अवधारणा अघि सारेका हुन् । चीनलाई अघि बढ्न नदिन अमेरिकाले नयाँ अन्तर्राष्ट्रिय सुरक्षा नीतिमात्रै अघि सारेन वल्की विश्व ब्यापार संगठनको नीति नियम विपरीत चीनिया वस्तुलाई भन्सार लगाउने निर्णय गरेपछि चीनले एकातर्फ विश्व ब्यापार संगठनलाई गुहारेको छ भने अर्कोतर्फ उसले पनि अमेरिकी वस्तुलाई सोही अनुपातमा भन्सार लगाएको छ । छोटोमा भन्नुपर्दा अब विश्व अर्को ब्यापारिक युद्धको अवस्थामा प्रवेश गरेको छ जस्को एउटा नेतृत्व चीनको विआरआई परियोजनाले लिएको छ भने अर्को एसिया अफ्रिका ग्रोथ करिडरको परियोजनाले लिएको छ । कुन कुन राष्ट्र ककस्को पछि लाग्ने हो त्यो त अब आउने दिनहरुले नै बताउने छ ।

# विशाल नेपाल राजा महेन्द्र आदि सत्तासीन सम्बन्ध (२)



**जगदीश लामिछाने**
रौतहट, पौराई

उपर्युक्त शीर्षकमा गएकै अंकमा लेखेकै थियो । किन दोस्रो अंक पनि लेख्न पर्‍यो ? भन्ने प्रश्न उठ्न सक्छ । यसका ६ कारण छन् । चौथो, पाँचौं र छैटौं होस गर्नुपर्ने नै छ । अहिले यिनै कारणले नेपालले आफ्नो थोरै भूल दक्षिणको धेरै पेलाइबाट नै ७० वर्ष दुःख पाउनुपरेको हो । जित्दै गएको ठाउँमा पनि अंग्रेजले बलजफ्ती १८१६ मा सन्धि गरायो । तर राजा मरेर धेरै पछि मात्र नियमित गराई अंग्रेजको अनियमिततामा नेपालले फाइदा नै लियो । यो इतिहासकारले लेखेकै छन् । यसैकारण भारतमै अंग्रेजकै पालामा गोरखा लेखेकोमा गोरक्षा तीन अक्षरको शीर्षकमा चार पटक लेख्नु परेर लेखिएको र २०७१ चैत २० गतेको गोरक्षा र गोर्खाल्यान्ड पुस्तकाकारमा पुनः मुद्रण पनि २०७२ चैतमै पनि समयसमयका कुरामै भएको छ । त्यसमा गोरक्षाको अर्थ धर्म पनि हो र गाईको रक्षा पनि हो । स्वत्व पनि हो भन्ने कुरामा अंग्रेज अधिन भएका नेपालीले स्वत्व मात्र बुझेजस्तो गरे । नेपाली आफू बहादुर जस्तो मात्र गरे । यसैले नेपाली गोर्खालीले गोरक्षा र गोर्खाल्यान्ड ४ पटक लेख्नु परेको हो र उनीहरुले पनि सय वर्ष पहिलेदेखि दुःख पाउनुपरेको हो । यी ६ कारण तल दिइन्छ । तलका तीन नीति भारतका ३ नेपालका हुन् :

(१) धेरै राजारजौटा शिख आदि भारतमा मिसिन आए । नेपाल आएन । बल गरौं भन्ने तत्कालीन बल्लभभाइ पटेलको नीति थियो । उनी चाँडै नै बितेर गए ।

(२) मै प्रधानमन्त्री हुँ । कूटनीतिले ल्याउँला नेपाल भन्ने नेहरु नीति अहिले ७० वर्षसम्म चलेकै छ ।

(३) कूटनीतिमा अंग्रेज नै सिपालु हो भनी भारतले मानेको भए पनि यथार्थमा बेलायत अमेरिकासँग वर्तमानमा पनि मिलेको सबैका सामुन्ने छ ।

(४) हामी गोर्खाली अंग्रेजसँग चीन तिब्बतसँग लडेका हौं भन्ने नेपालीले बराबर भनिरहँदा वर्तमान भारत नीति सफल भएन ।

(क) अंग्रेजकै बेलामा तत्कालीन प्रधान भीमसेन थापाले अंग्रेजको त्यसबेला विरोधी फ्रेन्चसँग साँठगाँठ गर्दा धोका पाइयो ।

(ख) यसो नगरौं भन्ने प्रमुख सेनापति अमरसिंह थापा तत्काल गोसाइस्थान गई १८१६ को सम्झौतापछि अलप भए ।

(५) नालापानी युद्धदेखि अंग्रेज नेपालीदेखि प्रसन्न भई गोर्खा सेना नै लिन लाग्यो र १९४७ मा त्रिपक्षीय भारत नेपाल बेलायतले सन्धि गरेरै लिए । नेपाली सेना अझै कास्मिर, आसाममा रक्षा गर्दै छन् । हुन त त्यो सन्धि पनि खारेजै हुनुपर्थ्यो गरेका छैनन् ।


(६) कम्युनिस्ट रुसी र चिनियाँ दुई खेमा भए । भारतले २० वर्षे सन्धि रुससँग गरेको बखत नेपालमा रुस प्रभावित आफूलाई भन्ने कम्युनिस्टले बुझेनन् र राजा महेन्द्रदेखि ज्ञानेन्द्रसम्मले २०६२ सम्म दुःख पाए । कतिपय सबै राजाहरुले बुझे कतिपयले बुझेनन् । तर रुस प्रजातन्त्रमै फर्कियो । चीन पनि प्रजातन्त्रतिरै बामे सर्दैछ । यथार्थ नै छ ।

यस्तै विभिन्न अन्तर्विरोधहरुले नेपाली राणाहरुले कतै भूल गरे कुनै राम्रो गरे । नेपालकै गोर्खाली नेपालीहरुले र भारतले पनि आफ्नो अन्तर्विरोधी नेपाल नीति सुधार गर्नैपर्ने देखी भित्रभित्रै भारत टिस्टा काँगडा अर्थात् सतलजसम्म नेपालै हो भन्ने र बाहिर आफ्ना विशाल करोडौं जनता नेपालमा हुल्न चाहन्छ । नेपालले ल्याउन नचाहने हुनाले राजा महेन्द्रदेखि ज्ञानेन्द्रसम्मले दुःख पाए । १९५० को सन्धिको मुद्दा त्यसै सही गरिसक्नासाथ तुरुन्तै विरोध भएको हो र प्रबुद्ध समूह गठन गर्न पञ्जाबी मनमोहन सिंहले मञ्जुरी धेरै भित्री प्रयास भएपछि मात्र गरेका हुन् । यो म्याद २०७५ असार २ गतेपछि थप्नुपर्ने सम्भावना छ ।


अब अन्तिममा भन्नैपर्ने कुरा विपक्षी भारतीय ३ नीति नेपालमा भारतीय जनसंख्या थप्ने नै हो । नेपालको नीति आफूले धोका पाएका कुरा समेत विचार गरी हर्क गुरुङ प्रतिवेदन र राजा महेन्द्रदेखि ज्ञानेन्द्रसम्मको जनसंख्या नीति भारतभरका गोर्खाली नेपालीले र नेपाली मूल क्षेत्रले पनि संयुक्त रुपमा गोरक्षा आफ्नो स्वत्वमा गराई धर्मसमेत मान्न लगाई टिस्टा काँगडासमेत खारेज भइसकेको सुगौली सन्धिका सम्पूर्ण क्षेत्रमा २०७४ असार २३ कै गोरक्षा र गोर्खाल्यान्ड स्तम्भ लेखअनुसार पनि एक भई काम गर्नुपर्छ । यसबाट कानुनी, सामाजिक र व्यावहारिक सुधार हुने नै छ । अन्यथा दुःख फेरि पाइनेछ । तर छिटो जति गर्‍यो त्यति भारतको र नेपालको पनि भलो हुन्छ । १९५० को सन्धि दोधारे राखिरहे कतै पनि कल्याण हुने छैन । नेपालले आफू अंग्रेजकै पालादेखि असफल हुनुपर्दाको र अहिले गरेका भूल पनि सुधार गरौं । यस्तो प्रयास संसाारभरमा भएकै छ, र हुँदै गरेको हस्तामलकै छ ।

# मैले देखेको बयालीसौं विश्व सम्पदा :
# लण्डनको मार्गारिट चर्च र टावर ब्रिज

सुरेन्द्र ढकाल



चर्चको भित्तामा गरिएका कलाकृतिहरू



चर्चको सिसाको झ्यालमा गरिएका कलाकृतिहरू



मार्गारिट चर्चको अग्र भाग



मार्गारिट चर्चको प्रार्थना कक्ष



मार्गारिट चर्चको भित्री भाग



नजिकैबाट हेर्दा देखिने टावर ब्रिज



ठूला जहाज आवतजावत गर्दा यसरी पुल उचालिंदो रहेछ



टावर ब्रिजमा पर्यटकहरू

लण्डन पुगेको पहिलो दिन वेस्ट मिनिस्टिर एब्बी र पार्लामेन्ट भवन अवलोकन गर्दागर्दै साँझ परिसकेको थियो। त्यहाँ भएका बाँकी कुरा विशेष गरेर मार्गारिट चर्च र अलि पर रहेको टावर ब्रिज दोस्रो दिन हेर्ने निर्णय गरी हामी क्याम्पिङ साइटतर्फ लाग्यौं र भोलिपल्ट ब्रेक फास्ट सकेर हामी पुनः वेस्ट मिनिस्टिर आई मार्गारिट चर्चको अवलोकन गर्न लाग्यौं ।

**मार्गारिट चर्च**

वेस्ट मिनिस्टिर एब्बीकै छेउमा रहेको यो चर्च आन्ग्लीकन चर्च रहेछ र आन्टिओकको मार्गारिटप्रति समर्पित रहेको हुँदा यसलाई मार्गारिट चर्च भन्दारहेछन् । वेस्ट मिनिस्टिर एब्बी र संसद भवनसँगै यो चर्च पनि विश्व सम्पदा सूचीमा परेको रहेछ । १२ औं शताब्दिमा वेनेडिक्टन सम्प्रदायका क्रिश्चियन पुरोहित (मन्क) हरुले यस चर्चको स्थापना गरेका रहेछन् । एब्बीकै परिसरमा रहेको यस चर्च वेस्ट मिनिस्टिरका सर्वसाधारण जनताको प्रार्थनाको लागि छुट्याइएको रहेछ । तर पूजा र प्रार्थनाको परम्परा चाहिँ पूर्ण रुपमा एब्बीकै प्रकृयाबाट चल्ने रहेछ । खाली फरक भनेको एब्बी ब्रिटिस राजपरिवारको र मार्गारिट चाहिँ सर्वसाधारणको चर्च रहेछ । राजा हेनरी सातौंको पालामा यस चर्चको पुनर्निर्माण गरिएको रहेछ र वास्तुपूजा भने सन् १५२३ को अप्रिल ९ मा गरिएको रहेछ । पुनर्जागरण कालभन्दा अघिको अन्तिम क्याथोलिक चर्चको रुपमा मानिँदो रहेछ यस चर्चलाई । सन् १६१४ मा आएर यो चर्चलाई पिउरीटनहरुले शाही चर्च बनाई त्यहाँ संसद संचालन गर्न सुरु गरेपछि यस चलनले हालसम्म नियमितता पाएको रहेछ । सन् १७३४ राजा जोन जेम्सले यस चर्चको उत्तरपश्चिममा टावर बनाउन लगाएका रहेछन जसको निर्माण सम्पन्न गर्न चार वर्ष लागेको रहेछ । चर्चको भित्री भागमा जुन साजसज्जा र कलाकारिताको प्रस्तुति छ ती सबै सन् १८७७ भित्र नै बनाइएको रहेछ । हरेक सालको अक्टोवर महिनामा यस चर्चमा नयाँ वर्ष महोत्सव मनाउने चलन रहेछ । यस चर्चको झ्यालहरुमध्ये हेर्न लायकको झ्याल चाहिँ सन् १५०९ मा बनाइएको कलापूर्ण फ्लेमिस सिसाका झ्याल रहेछ जुन राजा हेनरी आठौं र आरागोनको क्याथरिनको स्वयम्वरप्रति समर्पित रहेछ । त्यस्तै अरु सिसाका झ्यालहरु विलियम काक्सटोनप्रति समर्पित रहेछन् जसलाई लण्डनको पहिलो छापाखाना मुद्रक भनिँदो रहेछ र उसको चिहान पनि त्यही चर्चमा राखिएको रहेछ । यस चर्चमा दुबै सदनका सांसद, सामन्त र भाइभारदारहरु र अन्य गन्यमान्य नागरिकहरुको विवाह महोत्सव आयोजना गरिँदो रहेछ । मार्गारिट चर्चको सरसरती अवलोकन गरेपछि हामी लण्डनको टावर ब्रिज हेर्नतर्फ लाग्यौं ।

**टावर ब्रिज लण्डन**

यो पुल विश्वप्रख्यात झोलुंगे पुलको रुपमा मानिँदो रहेछ । यस पुलको निर्माण सन् १८८६ मा सुरु १८९४ मा सम्पन्न गरिएको रहेछ । ७० हजार टन कंक्रिटको जगमा उभिएको यो पुलमा ११ हजार टन स्टिलको प्रयोग भएको रहेछ । निर्माण कार्य फत्ते गर्न इ डब्ल्यू कर्टेल भन्ने इन्जिनियर निर्माणस्थल डेरा जमाएर बसेका रहेछन् । ५ जना ठेकदारलाई संयुक्त रुपमा निर्माण कार्यको जिम्मा लगाइएको रहेछ । त्यतिखेर नै ११ लाख ८४ हजार पाउण्डमा यो पुल बनेको रहेछ । लण्डनको थेम्स नदीमाथि बनाइएको यो पुल लण्डनको गौरवपूर्ण संस्कृति झल्काउने आइकनको रुपमा लिइँदो रहेछ । यो पुलमा दुईवटा टावरको सँगसँगै निर्माण भएका रहेछन् र झोलुंगे पुल भए तापनि यस पुलबाट मान्छे र गाडीहरु दुबैलाई आवतजावत गर्न दिइँदो रहेछ । २४० मिटरको लम्बाई रहेको यो पुलका दुई टावरको उचाई भने ६५ मिटर रहेछ र दुई टावरबीचको दूरी ६१ मिटर रहेछ। यो पुलको औपचारिक उद्घाटन ३० जून १८९४ मा प्रिन्स अफ वेल्सले गरेका रहेछन् । मौलिक अवस्थामा यस पुलमा महारानी एलिजावेथ द्वितीयको राज्यकालको २५औं वर्ष मनाउने क्रममा रातो सेतो र निलो रंग लगाइएको रहेछ । यहाँ एउटा भिक्टोरियन इन्जिनरुम नामक स्थाथी प्रदर्शनी पनि रहेछ र त्यहाँ प्रवेश गर्न सशुल्क टिकटको ब्यवस्था गरिएको रहेछ। ठूला ठूला पानीजहाज आउँदा र जाँदा पुल उचालिँदो रहेछ । गाडीहरु यो पुल भएर जाँदा २० माइलप्रति घण्टामा मात्र चलाउन पाउँदा रहेछन्। यस पुलको मुनि राखिएको भूमिगत ट्युवबाट रेल आवतजावत हुने ब्यवस्था गरिएको रहेछ । यी सबै दृष्टिकोणबाट लण्डनको यो टावर ब्रिज विश्वकै एक नमुना र ऐतिहासिक पुल रहेछ ।



टावर ब्रिजमा सुरेन्द्र सन् १९८९ मा

**Remember us for the Construction of Private and Public Works**

**East West Engineering Service Pvt. Ltd.**
Consulting Architects, Engineers & Planners

GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

**दाँते सोसाइटी नेपाल**
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

**गर्मी मौसममा हुनसक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्न निम्नानुसार गर्ने गरौं ।**

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरू बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयागकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं ।
- चुरोट बिँडीजस्ता वस्तुहरू प्रयोगपश्चात् जथाभावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
- पेट्रोल, डिजेल, ग्याँस स्टेसनको वरिपरि सलाई, लाइटरजस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चारमाध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नी नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरूको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरू चालू अवस्थामा राखौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना विभाग**

# नयाँ वर्ष २०७५ सालको वार्षिक भविष्य र राशिफल



- ज्यो.पं. दीपक सुवेदी
कमलमार्ग १७२, केसीटोल
कमलपोखरी, काठमाडौं
९८४१२२३१२६, ९८०३८७९१७८, ०१४४३१७४७
astrodeepakguru@gmail .com

*ग्रहा राज्यं प्रयच्छन्ति ग्रहा राज्यं हरन्ति च ।*
*ग्रहैर्व्याप्तमिदं सर्व त्रैलोक्यं स चराचरम् ।।*

**विक्रम सम्वतको वैज्ञानिकता**:

सूर्य ग्रहले वर्षभरीमा बाह्रराशिको परिकमा गर्दछ । बाह्रराशिमा ३६० डिग्री हुन्छ । सूर्यले वर्षदिनमा ३६० डिग्रीको यात्रा सिध्याएर पुनः शून्य डिग्रीबाट अर्को वर्षको लागि यात्रा तय गर्ने दिनलाई मेषार्क अथवा बैशाख संक्रान्ति भनिन्छ । यही दिनलाई विक्रम संवतको नयाँ वर्ष मानिन्छ । विक्रम संवतको नयाँ वर्षारम्भको दिन बैशाख संक्रान्ति अथवा मेषार्कको महत्त्व विशेष छ । यद्यपि केही वर्ष यता वि.सं.को बारेमा चर्चामा आएका विभिन्न तर्क आदिले आमजनमानसमा अनेक विचार, जिज्ञाशा तथा चिन्तनको रोपण गरेको भएता पनि वास्तविकतामा विक्रम सम्वतको वर्षारम्भमा विशेष वैज्ञानिकता छ । जुन अरु सम्वतमा छैन । अन्य सम्वतहरूमा यो खालको गणितीय मान्यताको सिद्धान्त छैन । गणितीय वैज्ञानिकतामा विक्रम सम्वत जस्तो पूर्ण र वैज्ञानिक सम्वत अरु पाईदैन । तसर्थ यो सम्वत प्रारम्भ हुँदा पर्ने लग्न र त्यसको फलको प्रभाव समग्रमा विश्वव्यापि रूपमा सबैलाई पर्ने गर्छ ।

**वार्षिक भविष्य**

यस पटक नयाँ वर्ष २०७५ शुरु हुँदा बैशाख १ गते बिहान नेपाली स्टेण्डर्ड समय अनुसार १०:२३ बजिरहेको हुन्छ । सो समयमा नेपाली आकाशको क्षितिजमा मिथुन लग्न उदाइरहेको हुनेछ । नयाँ वर्ष अर्थात मेषार्क हुँदा जापानमा त्याहाँको स्टेण्डर समय अनुसार १३:३८ बजे बजेको हुन्छ र त्यतिबेला जापानको टोक्योमा सिंह लग्न उदित भइरहेको हुन्छ । यसै गरी पाकिस्तानको लाहोरमा पाकिस्तानी स्टेण्डर समय अनुसार बिहान ०९:३८ बजिरहेको हुन्छ र मिथुन लग्न नै उदाइरहेको हुन्छ । भारतको मुम्बईमा १०:०८ बजे नयाँ वर्ष प्रवेश हुन्छ । जतिबेला भर्खर मिथुन लग्न उदाउँदै गरेको हुन्छ भने राजधानी दिल्लीमा मिथुन लग्नले आठ डिग्री पार गरिसकेको हुन्छ । विक्रम सम्वतको नयाँ वर्ष हुँदा अर्थात सूर्यले ३६० डिग्री पार गरेर शून्य डिग्रीबाट पुनः आफ्नो यात्रा तय गर्दा सबै ठाऊँमा एउटै लग्न हुँदैन । जुन स्थानमा जुन लग्न उदाईरहेको हुन्छ सोही लग्न सो स्थानको जगल्लग्न हुन्छ । जगल्लग्नको आधारमा वार्षिक फलको विवेचना गरिन्छ ।

नयाँ वर्ष प्रारम्भको समयमा नेपालमा मात्रै नभएर यसको आसपासका अन्य मुलुकमा पनि मिथुन लग्न उदाइरहेको हुनेछ । नव वर्ष प्रारम्भ हुँदाको जगल्लग्नको विवेचना गर्दा -

**सकारात्मक पाटो**:

यो वर्ष सूर्य राजा र मन्त्रीमा शनिले जिम्मेवारी लिएका छन् । यो वर्षको संवत्सरको नाम विरोधकृत् रहेको छ । ग्रहको स्वभाविक गुणको विवेचना गर्दा सूर्य र शनि आपसमा शत्रु हुन् । ग्रहको यो सम्बन्धबाट पनि केही अनुमान गर्न सकिन्छ । विशेष विशेष जिम्मेवारीमा रहेका अधिकारी तथा निकायले यो कुरामा विचार पुर्‍याएर कार्य सम्पादन गर्नु उचित हुनेछ । पञ्चम् गुरु, दशममा लग्नेश र द्वितीयेश चन्द्रबुधको युक्ति, एकादश सूर्य शुक्रले जगल्लग्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । शिक्षा, कर्म र आम्दानीको पक्षमा उल्लेखनीय कार्य गराउने योग परेको छ । स्वाभिमानलाई अभिमान नबनाउने हो भने यो जगल्लग्नको प्रभाव रहने स्थानहरूमा शिक्षाक्षेत्रमा राम्रो प्रगति हुनेछ । उद्यम व्यवसायजन्य कर्मयोगले विशेष महत्त्व पाउनेछ । आत्म तथा आत्मस्वाभिमानी भावनाको चेतना तथा जागृति बढ्ने छ । राज्य व्यवस्थामा नयाँ आयामहरूको विकास हुनेछन् । आत्मनिर्भरताका केही दीगो कार्यको थालनि हुनसक्ने छ । यो वर्ष राज्यले नागरिकहरूलाई उद्योग धन्दाको अभिप्रेरणाप्रद अभियानका कार्यक्रमहरूबाट जनचेतना अभिवृद्धि गर्नु उचित हुनेछ । शिक्षा र धार्मिकलगायतका पर्यटन, युवा उद्यमशीलता, जलस्रोत तथा तरलपदार्थ, कृषि, जनजागरण आदिको विकास भई लाभ एवं उपलब्धि प्राप्ति हुनेछ ।

**कमजोर तथा नकारात्मक पक्षः**

जगल्लग्नमा उपर्युक्त राम्रा पक्षको बाबजुत केही जटिल स्थितिको पनि दृष्टिगोचर हुन्छ । अन्य ग्रहको भूमिकाले केही त्यस्ता जोखिमलाई संकेत गरिरहेको छ जसले राम्रो ग्रहयोगको फल प्राप्तिमा तगारोको भूमिका निर्वाह गर्नसक्ने खतरा हुन्छ । सम्बन्धित अधिकारीहरूले बुद्धिमतापूर्वक अवस्थालाई संयमपूर्वक सकारात्मक कोणबाट समाधान गर्न खोजेको खण्डमा विभिन्न जटिलताको बाबजुत पनि अन्तिम उपलब्धि राम्रो निकाल्न सकिनेछ । अन्यथा केही व्यवस्थागत दुर्घटना, द्वन्द, संकट आदिको आशङ्कालाई ग्रहको स्थितिले लक्षित गरिरहेको छ । यौनिक हिंसा तथा विकृति बढ्नसक्ने, अग्नि एवं भूमि र वायुतत्त्व प्रधान प्रकृतिप्रकोप, दैविक विपत्ति, दुर्घटना, हावाहुरी, आगजनि, वृष्टिअनावृटि आदिको सामना गर्नुपर्ने सम्भावना रहन्छ । जनस्वास्थ्यमा विभिन्न रोगको संक्रमणले प्रभावित गर्नेछ । परराष्ट्र सम्बन्ध बिग्रन नदिन निकै कोसिस् गर्नुपर्ने देखिन्छ । वैदेशिक व्यापारमा पनि ह्रास आउनसक्ने आशङ्का देखिएको छ । आन्तरिक एवं बाह्य द्वन्दको सृजना हुनसक्छ । सम्बन्ध विच्छेदका गतिविधि तथा घटना बढ्ने छन् । जननिकाय, सामाजिक निकाय आदिका तहतप्कामा गुट्, फुट्, आन्तरिक कलह, द्वन्दजन्य परिस्थिति सृजना गराउने ग्रहको प्रभाव छ । जिम्मेवार पक्षले निकै संयमतापूर्वक आफ्नो कर्तव्य एवं जिम्मेवारीलाई वहन गर्न प्रयत्नशील रहनु बुद्धिमानी हुनेछ ।

उपर्युक्त प्रकारको फललाई नववर्ष २०७५ को जगल्लग्नको ग्रहस्थितिले देखाएको हुनाले नागरिकहरू सावधानपूर्वक, धैर्यता एवं सहनशीलतालाई धारण गरी स्वधर्म तथा जिम्मेवारीमा लगनशील रहनु उपयुक्त हुनेछ । अनाधिकृत रुपमा चल्ने होहल्ला, विभिन्न बहकाव आदिको पछाडि लाग्नुभन्दा सत्यतथ्य बुझेर समाजमा आपसी सद्भाव कायम राख्दै सामाजिक भावनाको विकास गर्नु बुद्धिमानी हुनेछ । सम्भावित अनिष्ट ग्रहको फललाई न्यूनिकरण गर्ने सामाजिक, धार्मिक तथा सांस्कृतिक कर्महरूलाई अधिक प्रश्रय दिनु शुभकर, हितकर र लोककल्याणकर हुनेछ ।

**वार्षिक राशिफल**

**मेष राशि (चु.चे.चो.ला.लि.लु.ले.लो.अ.) -**

मेष राशि हुनेहरूको लागि यो वर्ष पूर्वार्ध सम्म र अन्तिमका दुई महिना सामान्यतया अनुकूलै मान्न सकिन्छ । बीचको समय अल्लि विपरित रहेकोले होस एवं संयमको आवश्यकता देखिन्छ । अल्लि बढी प्रयत्नले धार्मिक एवं आध्यातिमक कार्यमा केही उपलब्धि लिनसकिने छ । सम्पादन गर्न खोजिएको विवाह ब्रतबन्धादि दानपूण्यप्रद माङ्गलिक शुभकर्ममा ढिलासुस्ति बाबजुत केहीहद्सम्म सफल भइनेछ । व्यापारजन्य आय-आम्दानी बढ्नेछ । विवाहयोग्यलाई दाम्पत्यसम्बन्ध जोडिने छ भने प्रेमपारखीहरूको लागि पनि अनुकूल रहनेछ । नोकरीतर्फ थोरैभएपनि प्रगति हुनेछ । जागिर तथा पेशा व्यवसायमा स्थानपरिवर्तन, बसाईसराई लगायत यात्राजन्य काम बन्ने छ । अध्ययन अध्यापन तथा शैक्षिक क्षेत्रमा अनुकूलता रहनेछ ।

जग्गाजमिन, घर, पैतृकसंपत्ति जन्य पक्षमा ग्रहको त्यति अनुकूल प्रभाव देखिन्न । पशुचौपाय, कृषि, उद्योग धन्दा व्यवसाय आदिमा घरीघरी उपलब्धि एवं लाभजस्तो पनि कुनै समय निराशाजनक परिणाम भोग्नुपर्ने हुन्छ । धार्मिक आस्थामा पनि स्थिरता रहन मुस्किल पर्नेछ । केही यस्ता विपरित फलको बाबजुत बढी मेहनत र तल्लिनताले कुनै कुनै पक्षमा ठिकै उपलब्धि हासिल गर्नसकिने छ ।

कैफियतपूर्ण धनार्जनतर्फ मन आकर्षित हुनसक्ने र पछि पछुतो पनि पर्नसक्ने छ ख्याल गर्नु होला । मान्यजनको स्वास्थ्य, विशिष्ट सम्बन्ध आदिमा केही प्रतिकूलता सृजना हुनसक्ने भएकोले आवश्यक सावधानी एवं निवारणका उपाय अवलम्बन गर्नु जरुरी हुनेछ । वर्षको उत्तरार्धमा उल्लेखित संघर्ष एवं विपरित फल बढी घटित हुने भएकोले आवश्यक सावधानी तथा उपाय अवलम्बन गर्नु जरुरी हुनेछ । यो राशि हुनेहरूले यो वर्ष भैरव, महावीर हनुमान, आश्विन पछिलाई माँ बगलामुखीको स्तुति आराधना तथा उपाशना गर्नाले ग्रहको दुष्प्रभावलाई कम गर्न मद्दत हुनेछ । विशेष ग्रह अबरोधमा स्थानीय जातिको गाईको सेवा वा सोक्षेत्रलाई सहयोग पुर्‍याएर पनि ग्रहजनित दुष्प्रभावलाई न्यूनगर्न सकिन्छ ।

**वृष राशि (इ.उ.ए.ओ.वा.वि.वु.वे.वो.) -**

वृष राशि हुनेहरूको लागि यो वर्ष आंशिक पक्षमामात्रै अनुकूल रहेको छ । रपनि पूवार्धको तुलनामा उत्तरार्ध केही उपलब्धिमूलक हुनेछ । अत्यावश्यक तथा विशेष काम बनाउन अल्लि बढी परिश्रम गर्नुपर्ने छ । सन्तानकष्टको सम्भावना देखिएको छ । जन्मकालमा सम्बन्धित ग्रह प्रतिकूल भई सन्तानदोष व्यहोर्न परिहेकाहरूको लागि सावधानी अप्नाउन पर्ने देखिएको छ । विशेष गरी गर्भवतीहरूले बढी ध्यान पुर्‍याउन जरुरी हुनेछ । रोग-शोक र कुसंगतको खतरा आवश्यक उपाय अथवा सावधानी अप्नाउनु होला । बढी संघर्ष र कम उपलब्धिको कारण मानसिक उद्विग्नता तथा उदासिनता बढ्न गइ आस्थाको धरोहरमा ह्रास आउने एवं किंकर्तव्यविमूढताको मनोविज्ञानले प्रसय पाउनसक्ने देखिन्छ । साउन उपरान्त केही सुधार आइ कामकार्य एवं अन्य परिस्थितिमा केही सुधार आउनेछ । वर्षको उत्तरार्ध विवाहयोग्य युवायुवतीको लागि विवाहबन्धनको सम्भावना दह्रो छ । यो वर्ष अनिष्ट फललाई न्यून गर्न हतोत्साही नभइ इष्टदेवको भक्ति तथा साधनालाई बढीभन्दा बढी बढाउनु र शनि एवं गुरुको प्रतिकूलतालाई शान्ति गर्न हनुमान-शनिमहाकाल वा महाकाली, भैरव-छिन्नमस्ता र विद्यार्थीले सरस्वती तथा सर्वसाधारण सबैले वगलामुखी माँ एवम् कुलदेवताको श्रद्धाभक्ति, जपपाठ, स्तुति आदि व्रत अवलम्वन गर्नु हितकर हुने छ । स्थानीय जातिको (लोकल) गाईको सेवा गर्नाले ग्रहको दुष्प्रभाव कम गर्न विशेष मद्दत हुनेछ । योग साधनाको साथमा आफ्नो चेतना र भौतिक हैसियतको स्थिति अनुसार कन्जुस्याई एवं हेल्चेक्र्याई नगरी अन्तर् आत्मादेखिनै श्रद्धापूर्वक ग्रहशान्तिको उपाय अवलम्बन गर्नाले धेरै हद्सम्म ग्रहको दुष्प्रभाव कम भई शुभफल प्राप्त हुनेछ । स्थानीय जातिको (लोकल) गाईको सेवा वा सोक्षेत्रलाई सहयोग गर्नाले ग्रहजनित दुष्प्रभावलाई न्यूनगर्न विशेष मद्दत मिल्नेछ ।

**मिथुन राशि (का.कि.कु.घ.ङ.छ.के.को.ह.)**

मिथुन राशिको लागि यो वर्ष मिश्रित रहनेछ । वर्षको पूर्वार्ध तसै अनुकूल रहनेछ । संघर्षको बाबजुत केही उपलब्धि मिल्नेछ । विद्यार्थीहरूले गम्भीरताको साथमा समयको सदुपयोग गर्नाले अध्ययनमा प्रगति गर्न सकिने छ । व्यापार तथा पेशा एवं व्यवसायमा सामान्य लाभ मिल्ने छ । अल्लि बढी परिश्रम एवं प्रयत्नले व्यवसाय र बढी महत्त्वपूर्ण कामकार्यमा सफलता मिल्ला ।

रपनि जन्मकालमा पापग्रह अकारक हुनेहरूको लागि दुर्घटना, दैविक विपत्ति तथा धनजनको क्षति, चोटपटक, यात्रामा कष्ट, वातव्याधि, स्नायु तथा नशा रोग, चीरफार एवं घाऊखटिरा र दाम्पत्यकष्ट जन्य स्थितिको सामना गर्नपर्ने देखिएको छ । परिबन्द, चोरी, राज्यबाट भय-कष्ट, गलत संगत, स्वजनबाट विश्वासघात, फसिने-ठगिने, नहुनेकार्यमा मन जाने-आसक्ति बढ्ने, मिथ्याऽपवाद, अपव्यय, समय टरेपछि पश्चाताप हुने आदि सम्भावनालाई ग्रहगोचरले लक्षित गरिरहेको छ । यी प्रतिकूल फल वर्षको पूर्वार्धमा भन्दा उत्तरार्धमा बढी घटित हुनेछन् ।

दीर्घरोगीहरूले सावधानी अप्नाउनु पर्ने हुन्छ । घर-जग्गाको कारोवारमा फसिनसक्ने सम्भावना छ । वैवाहिक कार्य वा प्रेममा विशेषमा ख्याल पुर्‍याउन जरुरी देखिन्छ । यौनरोग, गर्भाशय, मलाशय, ठूलोआन्द्रा, पौरुष ग्रन्थी, मिर्गौलामा संक्रामक रोग आदिको सम्भावनालाई पनि नकार्न नसकिने हुनाले तत्सम्बन्धी विषयमा संयम र सजग हुनु जरुरी देखिन्छ । प्रतिकूल ग्रहको दुष्प्रभाव घटाउन वर्षभरी योगसाधनाको साथमा भगवती स्तोत्र पाठ, भैरव-छिन्नमस्ताको दर्शन भक्ति, स्थानीय जातिको (लोकल) गाईको सेवा, काग-कुकुर सेवा र वर्षको उत्तरार्धबाट ब्रह्मज्ञानी गुरुजनको आर्शिवाद लिने, माँ बगलामुखी एवं सरस्वतीको स्तुति उपाशना गर्ने जस्ता उपाय अवलम्बन गर्नु हितकर हुनेछ ।

**कर्कट राशि (हि.हु.हे.हो.डा.डि.डु.डे.डो.) -**

कर्कट राशि हुनेहरूको लागि यो वर्ष सुधारोन्मुख छ, कमशः फलिफाप हुँदै जानेछ । विशेष गरी वर्षको मध्यबाट अनुकूलता बढ्ने छ । वर्षको पूर्वार्ध संघर्षकर नै देखिएको छ । दाम्पत्य-प्रेमकष्ट वा असमझदारी बढ्नसक्ने तथा अरु पनि समस्या आइपर्नसक्ने देखिएको छ । सोँच, होश र विवके पुर्‍याएर व्यवहार गर्नु पर्ला । शिरशूल, ढाड-कम्मर, घुँडा-खुट्टा तथा हाडजोर्नी-नशा एवं ग्रन्थीसम्बन्धी समस्या हुनसक्ने गोचर छ, स्वास्थ्य एवं आहार विहारमा ध्यान दिन जरुरी हुनेछ । संघर्ष र शत्रुको प्रभाव रहनेछ रपनि विचलित नभएमा अन्तमा सफलता मिल्ने छ ।

उत्तरार्धबाट राजनीति, समाजसेवा, प्रतिस्पर्धा आदिमा उपलब्धि र वीजय प्राप्त हुनेछ । रोजगार-पदप्रतिष्ठा एवम् पदोन्नती प्राप्त हुनेछ, व्यापार-व्यवसायका क्षेत्रमा प्रगति हुने र लाभ प्राप्त गर्नसकिने छ । नयाँ व्यवसाय सञ्चालन गर्न उपयुक्त रहनेछ । न्यायिक क्षेत्रमा विजय मिल्नेछ । विद्यार्थीहरूलाई अध्ययनमा सफलता मिल्नेछ । अपूरो अध्ययनलाई पनि पूरा गर्नसकिने छ सम्बन्धितहरूले समयको फाइदा लिनुहोला । वैवाहिक सम्बन्धमा सुधार, विवाहको पर्खाइमा रहेकाहरूको दाम्पत्यसम्बन्ध स्थापित हुनसक्ने छ भने प्रेम पारखीहरूको लागि पनि समय अनुकूल हुनेछ । सन्तान सुख मिल्नेछ । दिएको नफर्कने सम्भावना भने बढी रहेकोले कसैलाई धनसंपत्ति दिँदा निकै विचार पुर्‍याउनु पर्ला । यो राशि हुनेहरूले यो वर्ष ग्रहको दुष्प्रभाव न्यूनिकरण गर्न वर्षभरी योगसाधनाको साथमा भैरव उपाशना र वर्षको पूर्वार्धसम्म माँ बगलामुखीको भक्तिदर्शन तथा व्रतादि एवं विद्वान गुरुजनबाट आर्शिवाद मार्गदर्शन ग्रहण आदि राम्रो तरिकाले गर्नु शुभप्रद हुनेछ । स्थानीय जातिको (लोकल) गौसेवा गर्नु विशेष शुभकर हुनेछ ।

**सिंह राशि (म.मि.मु.मे.मो.ट.टि.टु.टे) -**

सिंह राशिका व्यक्तिलाई यो वर्ष तुलनात्मक अनुकूल महसूस हुनेछ । आफ्नो व्यवहारमा भने ध्यान दिन जरुरी हुनेछ । मान्छेहरूको मुल्याङ्कनमा अल्लि कमजोरी फेला पर्ने हो कि भन्ने सम्भावना छ । ज्ञानोन्माद्ले विद्यार्थीहरूलाई असर गर्ने भय छ । संयमपूर्वक अघि बढ्नाले मात्रै अध्ययनमा सफलता मिल्नेछ । जन्म समयमा शनि आदि ग्रह प्रतिकूल हुनेलाई पेट, स्नायू आदिमा स्वास्थ्य समस्या, नीति-व्यवहार र सैद्धान्तिक पक्षमा विचलन आदिको सम्भावना छ । सन्तानकष्ट चिन्ता, असन्तोष, असमझदारी तथा खर्च एवं अपहेलित हुनपर्ने हुनसक्छ भने गर्भावस्थामा रहनु भएकाले विशेष ख्याल पुर्‍याउनु पर्नेछ ।

सञ्चित धनको आकस्मिक खर्च गराउने तथा गएको पैसा नफर्किने हुनसक्ने छ । लुच्चा तथा किर्पणीसँगको व्यवहार हुनाले धनसम्पत्ति फस्नसक्ने पनि डर देखिन्छ । तान्त्रिक आदि गुप्त विद्याको अभिलाषा बढ्ने, भूमिगत एवम् जासुसि कर्ममा उद्यत हुने बुद्धि पलाउने सम्भावना देखिन्छ । जसबाट बचेको राम्रो हुनेछ । पशुपालन, कृषिकर्मजन्य व्यवसाय, प्राविधिक क्षेत्रबाट भने फाइदा उठाउन सकिने छ । तत्त्वोन्मादको वाबजुत पनि धर्म-अध्यात्मको पक्षमा भने सफलता मिल्ने छ । यो वर्ष विद्यार्थीले विशेष र अन्यले पनि शनिको साथै राहुको दुष्प्रभावलाई न्यूनिकरण गर्न योगसाधनाको साथमा हनुमान चालिसा, भगवती स्तोत्र, भैरवस्तोत्र, बगलामुखी स्तोत्र आदिको पाठ, महाकालशनि, माँ बगलामुखी, भैरवदेव, काली, छिन्नमस्ता आदि देवदेवीको सात्त्विक पूजापाठ, ध्यानधारणा, व्रत आदि उपाशना अवलम्वन एवं स्थानीय जातिको (लोकल) गौसेवा वा सो क्षेत्रलाई सहयोग गर्नुले ग्रहजनित दुष्प्रभावलाई कम गर्न मद्दत हुनेछ । आफूलाई ब्रह्मविवेकदेखि नै श्रद्धा लाग्ने गुरुको सान्निध्यता तथा आर्शिवाद ग्रहण गर्नु पनि शुभप्रद हुनेछ ।

**कन्या राशि (टो.प.पी.पु.ष.ण.ठ.पे.पो.) -**

कन्या राशि हुनेहरूको लागि यो वर्ष संघर्षको अनुभूति गराउने खालको छ । रपनि वर्षको पूर्वार्ध केही उपलब्धिकर रहेको छ । प्रवचन, अध्यापन, उद्घोषण, गायन आदि वाणीवृति हुनेहरूले समाजमा राम्रो प्रभाव पार्नसकिने छ । कुटुम्बिक सम्बन्ध बढ्नसक्ने छ । अल्लि बढी प्रयत्न गरेर रोजगारी आदिमा सफलता प्राप्त गर्न सकिनेछ भने घरभन्दा तथा विदेश यात्रा आदिमा पनि अनुकूल रहनेछ । दानपूण्य, विवाहव्रतबन्ध आदि माङ्गलिक कार्य हुनजाने छ । विद्यार्थी तथा शिक्षासँग सम्बन्धितले ज्ञानोन्माद् नगरी समयको सदुपयोग गरेको खण्डमा शुभ परिणाम हात पार्न सकिएला ।

वर्षको उत्तरार्धमा संघर्षको मात्रा बढ्ने लक्षण देखिन्छ । आवश्यक सावधानी तथा उपायहरूअवलम्बन गर्नु बुद्धिमानी हुनेछ । बढी ईच्छाइएको तथा महत्त्व दिइएको कार्यमा भने ढिलासुस्ति तथा बाधा अड्चन नआउला भन्न सकिन्न । चोटपटक-घाऊ खटिरा जन्य रोग, दैविक विपत्ति, व्यवहारिक एवम् घरायसी समस्याहरूले दुःख दिनसक्ने भएकोले हरप्रकारको सावधानी अप्नाउनु आवश्यक देखिन्छ । कुलमा रोगको प्रकोप, मान्यजन वियोगको सम्भावना तथा आफन्त, साथीभाई, छरछिमेकी, सहकर्मी आदिसँग असमझदारीको सामना गर्नुपर्ने हुनसक्ने छ । मुद्धामामिला पर्नसक्ने, घर-जग्गाको कार्यमा विश्वासघात-धोका हुने, फसिने तथा पछुतो हुने समय परेकोले सित्तिमिति कसैको भरोसा नगरेकै राम्रो हुनेछ ।

व्यापार-व्यवसायमा देखिएको मन्दि, समाजसेवा, राजनीति, जागिरमा आएको अपजश, दुःखविमार, पशुचौपाया तथा घरजग्गा एवम् कृषि आदिमा देखिएको समस्यालाई न्यून गर्न योगसाधनाको साथमा हनुमान-शनिमहाकाल एवम् भैरवदेवको सात्त्विक तवरबाट स्तुति आराधना गर्नु मनासिब हुनेछ । स्थानीय जातिको (लोकल) गौ क्षेत्रलाई सहयोग तथा सेवा गर्नुले ग्रहजनित दुष्प्रभावलाई कम गर्न मद्दत मिल्नेछ ।

**तुला राशि (रा.री.रू.रे.रो.त.ति.तु.ते.) -**

तुला राशिको लागि यो वर्ष मध्यम अनुकूल रहनेछ । नयाँ र दीर्घकालिन कार्यको थालनीको लागि सौँचविचार तथा कार्ययोजना बन्ने, गुमेको मान प्रतिष्ठा फिर्ता गर्न सकिने, विग्रिएको सम्बन्ध एवम् कार्यहरूको पुनर्स्थापना तथा सुधार गर्न सकिने र अड्केर रहेका केही कार्यहरू पूर्ण हुनेछन् । न्यायिक क्षेत्र सबल रहनेछ । अबरोधको बाबजुत घरपरिवारमा दानपूण्य, विवाहव्रतबन्ध आदि माङ्गलिक कार्य हुनजाने छ । हात तथा छातिमा चोट वा रोग र दाजुभाईमा कष्ट वा वादविवादको सम्भावनालाई नकार्न सकिन्न । घरायसी किचलो, घरजग्गाको कारोबार आदिमा ढिलासुस्ति तथा फसिनसक्ने र जन्मकालमा ग्रह प्रतिकूल हुने तथा महादशामा पनि प्रतिकूल ग्रह चल्नेलाई दैविक विपत्ति आदि आइपर्न सक्ने भय छ । मान्यजन कष्टादिको सम्भावनालाई पनि नकार्न सकिन्न ।

वर्षको उत्तरार्धमा गोचर ग्रह थप अनुकूल देखिएको छ । सन्तती सुख मिल्नेछ भने उनीहरूको प्रगतिले खुशी प्राप्ति हुनेछ । नयाँ कार्यको थालनी, व्यवसायिक उन्नतिप्रगति, पदप्रतिष्ठा बढ्ने र सफलता मिल्नेछ । टाढिएका आफन्ति नजिकिने छन् । मान्यजनलाई भइरहेको कष्टमा सुधार आउनेछ । सुखसन्तोष लिन सकिनेछ । जग्गाजमिन जोडिने, गृहनिर्माण हुने र वाहन आदिको सुविधा प्राप्त हुनेछ । पशुचौपाया, कृषि आदिबाट फाइदा उठाउन सकिने छ । नोकरी मिल्नसक्ने छ । वैदेशिक यात्राको लागि पनि समय अनुकूल देखिन्छ ।

प्रतिकूलतालाई न्यूनिकरण गर्न योगसाधनाको साथमा बगलामुखी, भैरवदेव, छिन्नमस्ताको स्तुतिउपाशना गर्नु शुभकर हुनेछ । विद्वानजनको आर्शिवाद एवं मार्गदर्शन, असहाय गरीब दीनदुःखीको सेवा, बालबालिकालाई अध्ययनको पक्षमा सहयोग गर्नु र स्थानीय जातिका (लोकल) गोवंशको क्षेत्रलाई सहयोग तथा सेवा गर्नुले सम्भावित ग्रहको दुष्प्रभावलाई कम गर्न मद्दत मिल्नेछ ।

**वृश्चिक राशि (तो.ना.नि.नु.ने.नो.य.यी.यु.)**

वृश्चिक राशिको लागि यो वर्ष धेरैजसो पक्षमा संघर्षप्रद देखिएको छ । हिम्मत पनि नगिराउने र नविराउने सिद्धान्तलाई आत्मसात गरेर अघि बढ्नुपर्ला । स्थान परिवर्तनको सम्भावना देखिन्छ । विदेशको बाटो हेरिरहेकाहरूको लागि ईच्छा पूरा हुनसक्ने छ । घर परिवारबाट टाढा गएर अध्ययन गर्नेहरूलाई उपलब्धि मिल्नेछ । तर बढी आसक्ति गर्ने, महत्त्वाकांक्षा राख्ने गर्दा ससाना कार्यले पनि अल्मल्याउँने, बहाना गर्न मन लाग्ने हुनेछ । अभिष्ट कार्यमा समय दिन नसकिने र अधिक परिश्रममा थोरै उपलब्धिले चित्त बुझाउनु पर्ने हुनेछ । चलिरहेको साविक कामकार्य एवं पेशामा संयमपूर्वक रत्रहनाले धेरथोर लाभै हुनेछ । चञ्चलता र हतारले भने क्षति एवं पश्चाताप गराउन सक्नेछ ।

जन्मकालमा शनि आदि ग्रह अकारक हुनेहरूलाई वादविवाद, कामकार्यमा अबरोध, मानप्रतिष्ठामा आँच, सञ्चित धनको खर्च, स्वास्थ्यमा समस्या, अपखबर र परिबन्दनीय परिस्थिति जस्ता प्रतिकूलता थोरधेर पर्ने छन् । विपरित खानपान, विश्वासघात, कुसंगत आदि प्रतिकूलताको सामना गर्नुपर्ने हुनसक्ने छ । तर जन्मकालमा शनि आदि ग्रह कारक तथा अनुकूल भएकाहरूको लागि भने प्रतिकूलको सट्टा अनुकूल फल प्राप्ति हुने एवं आकस्मिक लाभ र उपलब्धि मिल्नेछ । मानसिक उद्विग्नता र निराशालाई हटाउन यथेष्ट धैर्यताको क्षमता बढाउनु बुद्धिमानी हुनेछ । अनिष्ट एवम् तनावलाई समन गर्न सर्वसाधारण सबैले योगदर्शनको उपदेशलाई आत्मसात गरी हनुमान तथा शनि महाकाल, भैरवदेव साथै माँ वगलामुखीको र विद्यार्थीले विद्याकी देवी सरस्वतीको भक्ति-स्तुति तथा श्रद्धा आराधना गर्नु हितकर हुनेछ । स्थानीय जातिका (लोकल) गाईको क्षेत्रलाई सहयोग तथा सेवा गर्नाले ग्रहको दुष्प्रभाव कम गर्न विशेष मद्दत हुनेछ ।

**धनु राशि (ये.यो.भ.भि.भु.ध.फ.ढ.भे.) -**

धनु राशिको लागि यो वर्षको पूर्वार्ध तुलनात्म रूपमा केही पक्षमा अनुकूल मान्न सकिन्छ रपनि सावधानी धेरैपक्षमा अप्नाउनपर्ने देखिन्छ । संघर्षको बाबजुत केहीहद्सम्म परिश्रमको फल मिल्ने र केही अधुरा कार्यहरू पूरा हुने छन् । धर्म-अध्यात्म, विवाह-व्रतबन्धादि माङ्गलिक कर्म सम्पन्न गर्नसकिने छ । अप्रत्यासित परिणाम दिने गोचर प्रभाव देखिएकोले एकातर्फ आसक्ति र अर्कोतर्फको उपलब्धि हुनसक्नेछ । राजनीति तथा समाजसेवामा अन्तिममा जश मिल्ने छ । जागिरको खोजिमा रहेकाहरूको लागि पनि शनिको विशेष उपाय गरेको खण्डमा अनुकूलताको सम्भावना छ । अनुकूलता महसूस हुँदैमा हौसीने र मात्तिने गर्न भने हुनेछैन । जन्मको शनि आदि ग्रह अनुकूल रहनेहरूका लागि भने आकस्मिक लाभ एवम् पदप्रतिष्ठा, उन्नति प्रगति मिल्ने छ ।

विनामेहनतको आम्दानितर्फ चेष्टा बढ् नसक्ने सम्भावना समेत देखिएकोले सोबाट बचेको बुद्धिमानी हुनेछ अन्यथा पश्चाताप पर्नसक्छ । मिथ्याऽपवाद, दुर्घटना, दैविक विपत्ति तथा धनजनको क्षतिखति र दाम्पत्य कष्टप्रद देखिएको छ । विवाह तथा प्रेमसम्बन्धमा छलछाम हुनसक्ने छ सावधानी अप्नाउनु होला । परिबन्द, चोरी, राज्यबाट भय-कष्ट, गलत संगत, स्वजनबाट विश्वासघात, फसिने-ठगिने, व्यवहार बिग्रने, नहुनेकार्यमा मन जाने, पश्चाताप पर्ने गोचर प्रभाव देखिएको छ । स्नायू तथा उदर रोगले सताइ नै रहनेछ, दीर्घरोगिहरूले बढी ख्याल पुर्‍याइ नै रहनुपर्ला ।

आवश्यक सावधानी तथा ग्रहशान्ति उपाय अवलम्बन गर्नु बुद्धिमानी हुनेछ । योगदर्शनको उपदेशलाई आत्मसात गर्दै शनिस्तोत्रपाठ, शनिमहाकाल, हनुमान, भैरव तथा छिन्नमस्ताको उपाशना, श्रद्धाभक्ति एवम् व्रत गर्नु हितकर हुनेछ । स्थानीय जातिका (लोकल) गाईको क्षेत्रलाई सहयोग तथा सेवा गर्नाले ग्रहको दुष्प्रभाव कम गर्न विशेष मद्दत मिल्ने छ ।

**मकर राशि (भो.ज.जी.जु.जे.जो.ख.खि.खु .खे.खो.ग.गी.) -**

मकर राशिको लागि यो वर्ष पूर्वार्ध अल्लि बढी संघर्षप्रद देखिएको छ भने उत्तरार्ध तसै केही सुविस्ताजनक रहनेछ । उथलपुथलजन्य स्थितिलाई गोचरले संकेत गरेको छ । मिथ्या अपवाद, चारित्रिक एवम् नैतिक आँच, मुद्धामामिला-वादविवाद, अन्यौलता, कपटप्रेमको फन्दा, जन-धन तथा भौतिक सम्पत्तिको क्षती, दैविक विपत्ति, कूल-परिवारमा रोग, घाऊखटिरा-चोटपटक, वायु विकार-उदररोग, स्नायू आदि साध्यासाध्य स्वास्थ्य समस्याको सम्भावनालाई ग्रहगोचरले संकेत गरेको छ । विना परश्रमको धन प्राप्तिको चेष्टा, कुसंगत, समय छँदा होस नहुने पछि पश्चाताप हुने जस्तो पर्नसक्ने छ ।

तर जन्मसमयमा शनि आदि सम्बन्धित ग्रह अनुकूल अर्थात कारक रहनेको लागि भने प्रतिकूल फल कम घटित भइ आकस्मिक लाभ, पदोन्नति एवं राजमान तथा अधिकार पनि प्राप्ति हुनसक्ने छ । श्रावण पछि सुधार आउने र केही काममा सफलता मिल्ने छ । अत्यावश्यक केही काम तथा व्यवहार सुल्झाउन सकिनेछ । वेरोजगारीलाई नोकरी मिल्नसक्ने छ, मेहनत, संयम र धैर्यता पूर्वक बुद्धिले कामलिनु हितकर हुनेछ । संघर्षदायी कार्यमा सफलता मिल्ने छ । श्रमिक वर्गसँगको सहकार्य, झट्ट हेर्दा सफासुग्घर नदेखिने र खासै ईज्जतिलो नमानिएको तर लोक सेवा हुने एवम् सदाचारी कार्यमा सफलता मिल्ने छ । तर, गएको नफर्कने ग्रहगोचर भएकोले सरसापट् तथा लेनदेनमा निकै विचार पुर्‍याउनु पर्ला । त्याग एवम् ईश्वर प्रणिधानको भावनालाई प्रसय दिएर निष्काम कर्म गर्नु बुद्धिमानी हुनेछ । स्थानीय जातिका (लोकल) गाईको क्षेत्रलाई सहयोग तथा सेवा गर्नाले ग्रहको दुष्प्रभाव कम गर्न विशेष मद्दत मिल्ने छ । साथमा योगसाधना, विद्यार्थीले सरस्वती माताको, सर्वसाधारण सबैले हनुमानवीर, शनिमहाकाल, माँ बगलामुखी एवं कुलदेवताको स्तुति गर्नु शान्तिप्रद हुनेछ ।

**कुम्भ राशि (गु.गे.गो.स.सी.सु.से.सो.द.) -**

कुम्भ राशि हुनेहरूको लागि यो वर्ष समष्टिमा राम्रो छ । अवसरको सदुपयोग गर्ने र नहौसिने हो भने धेरै क्षेत्रमा उपलब्धि प्राप्त गर्न सकिनेछ । विद्यार्थीहरूलाई अध्ययनमा सफलता मिल्नेछ । व्यापार-व्यवसायीका लागि विशेष प्रगतिकारक र कृषक-उद्यमी वर्गको लागि सुख एवम् लाभप्रद समय रहेको छ । राजनीति र समाजसेवा तथा जागिरमा पदोन्नती-प्रगति हुने देखिन्छ । दाम्पत्य एवं प्रेमसुखमा बढोत्तरी हुनेछ । विवाहयोग्यका लागि दाम्पत्य सम्बन्ध बाँधिने तथा प्रेमसम्बन्ध मजबुत हुनेछ । जग्गाजमिन एवम् वाहनादिको सुख सुविधा प्राप्ति हुने, सम्मानित यात्रा हुने, शत्रु तथा विपक्षि उपर विजय प्राप्त गर्नसकिने छ । यद्यपि कैफियत धनार्जन तर्फ पनि मन आकर्षित होला कि भन्ने छ जसले पछि पछुतोपनि पार्नसक्नेछ ख्याल गर्नुहोला । सत् धनार्जनबाटै आत्मसन्तुष्टि लिन सकिने छ । घरपरिवार एवं समाजमा हुने विशेष धार्मिक कृत्य सम्पादनमा भूमिका दिन सकिने छ । तीर्थयात्रादिको पनि सम्भावना रहेको छ । स्थानीय जातिका (लोकल) गाईको क्षेत्रलाई सहयोग तथा सेवा जन्य कार्यमा भूमिका दिनु अझै विशेष हितप्रद हुनेछ ।

चोटपटक, घाऊखटिराले भने सताउन सक्नेछ । पिलो, ग्रन्थी सुजन आदिको समस्या हुनसक्ने कुरालाई नकार्न सकिन्न । त्यस्तै दिएको धन फिर्ता हुन पनि कठिन पर्ने हुनसक्ने छ । श्रावणपछि भने सामान्यतया कामकार्यमा ढिला सुस्तिको महसूस हुनसकने छ । स्वास्थ्य लगायत सम्भावित ग्रहदोषको निवाराणको लागि भैरवदेव र श्रावणपछि माँ बगलामुखीको साथै विद्यार्थीले माँ सरस्वतीको स्तुतिध्यान एवम् श्रद्धाभक्ति तथा ब्रतादि गर्नु हितकर हुने छ । गरीब दीनदुःखी तथा अनाथ क्षेत्रको सहयोगको लागि कुनै अभियानप्रद कार्य सञ्चालन गर्नु पुण्यप्रद हुनेछ ।

**मीन राशि (दी.दु.थ.झ.ञ.दे.दो.च.ची.) -**

यो वर्ष मीन राशिको लागि यद्यपि त्यति सहज देखिँदैन रपनि नबिराउनु र नडराउनुको सिद्धान्तलाई आत्मसात गर्दा हित हुनेछ । अधिकांश पक्षमा उथलपुथल, कर्मक्षेत्रमा बिरोध तथा अपयश र कतै हानी त कतै नसोँचेको सफलता एवं लाभ पनि मिल्नसक्ने छ । गर्दै आएको र भोग्दै आएको क्षेत्र, भोगाधिकार तथा पदप्रतिष्ठाबाट हात झिक्न पर्नसक्ने छ भने अप्रत्यासित रूपमा विभिन्न खालका प्रस्तावहरू आउने छन् तर नबुझि स्वीकार गर्नु घातक पनि हुन सक्नेछ । पैतृक संपत्ति, घरजग्गासँग सम्बन्धित काममा निकै सावधानी अप्नाउनु पर्ला । घरपरिवार, दाम्पत्यसम्बन्ध, यात्रा, मित्रसम्बन्ध आदिमा एकाएक असमझदारी बढ्ने तथा कष्ट पर्नसक्ने कुरालाई नकार्न सकिन्न । पितृ-मातृ तथा गुरुजन्य मान्यजनको कष्ट-वियोगसम्म व्यहोर्न पर्नसक्ने र शत्रुप्रभाव बढ्ने खगोलीय ग्रहको असर देखिएको छ । कतिपयलाई सन्तानमा असमझदारी तथा टाढिनु पर्ने वा कुनैप्रकारको पीडा हुनसक्ने छ । श्रावणपछि ग्रहगोचरले केही सकारात्मक प्रभाव देखाउने छ ।

पशुचौपाया तथा वाहनादिमा पनि क्षति हुने सम्भावना देखिएको छ । पछि पर्दाफास हुने पापकर्म एवम् कुधन आर्जनको चेष्टा नआउला भन्न सकिन्न । विशेष होसविचार तथा संयम नपनाए ईज्जत प्रतिष्ठामै धक्का लाग्नसक्ने छ ख्याल पुर्‍याउनु पर्ला । स्वकर्मलाई प्रसय दिने कर्मयोगीको लागि भने अपगाल तथा अपयशको बाबजुत भलै संघर्षको बढी अनुभूति किन नहोस अप्रत्यासित उपलब्धि र सफलता मिल्ने छ । यो वर्ष तपाईले योगसाधनाको साथमा भैरव, माँ बगलामुखी र विशेष रुपमा हनुमानदेवको साथै विद्यार्थीहरूले माँ सरस्वतीको वन्दना दर्शनभक्ति गर्नु हितप्रद रहनेछ । स्थानीय जातिको (लोकल) गाईको क्षेत्रलाई सहयोग तथा सेवा जन्य कार्यमा भूमिका दिनु तपाईको लागि अझै विशेष हितप्रद हुनेछ ।

**राशिफल कसलाई कति मिल्ने**:

राशिफलमा बताइएको फल कसलाई कति मिल्ने भन्ने कुरा सम्बन्धित व्यक्तिको जन्म समयको सम्बन्धित ग्रहहरूकारक, अकारक, शुभाशुभ कस्तो स्थितिमा छन् त्यसमा भरपर्ने हुन्छ । जन्म समयमा ग्रहहरू अनुकूल रहेकाहरूलाई यहाँ बताइएका फलमा प्रतिकूल फल कम घट्ने र अनुकूल फल बढी घट्ने हुनेछ । त्यस्तै जन्म समयमा प्रतिकूल ग्रह हुनेहरूलाई प्रतिकूल फल बढी घट्ने र अनुकूल फल कम घट्ने हुन्छ । यहाँ समष्टिमा फल बताइएको हो । कति मिल्ने तथा नमिल्ने वा शुभ अशुभ कुन बढी हुने भन्ने कुरा सम्बन्धित व्यक्तिको उसको जन्मकालको ग्रहमा भरपर्ने हुन्छ । विशेष अवस्था पर्दा राशिफलको मात्र भर नपरेर विद्वान ज्योतिषीको मार्गदर्शन लिनु बुद्धिमानी हुनेछ ।

**गौ-सेवा अनिष्ट-ग्रह शान्तिको उपायः**

जुन गाईको जुरो हुन्छ, गलामा माला हुन्छ, खुर दुईवटा हुन्छन्, सिङ् पिरामिड आकारको हुन्छ, यस्ता गुण सम्पन्न गाईलाई मात्रै वैदिक धर्मले गाईको संज्ञा दिएको छ । यी गाईनै वैदिक गाई हुन् । यिनै गाईलाई वैदिक सनातन धर्मले पूजनीय बताएको छ । यिनै गाईमा तेत्तिसकोटी देवीदेवताको बास हुन्छ । दुध तथा दुग्धजन्य पदार्थ यिनै गाईको मात्रै अमृतसमान हुन्छ नकि जर्सी, होलिस्टेन लगायतका गाईको । स्मरण रहोस बाहिरबाट भित्र्याइएका जर्सी, होलिस्टेन लगायतका गाई वैदिक गाईमा पर्दैनन् र यी गाईको दुध तथा दुग्धजन्य पदार्थ स्वास्थ्यको लागि हानिकारक भएको वैज्ञानिक रूपमै मेडिकल साइन्स आदिले प्रमाणित गरिसकेका छन् । जर्सी तथा होलिस्टेनिक लगायतका बाहिरबाट भित्र्याइएका र गाईमा हुनपर्ने जुरो, दुई खुर, माला, पिरामिड आकारको सिङ् नभएका गाईमा पूजनीय गुण पाइदैन । तेत्तिसकोटी देवीदेवताको बास हुने हाम्रो स्थानीय जातिका वैदिक गाईको सेवा गर्दा ग्रह बिग्रदा गरिने सबै देवीदेवता एवं ऋषिगणको सेवा हुन्छ, पूजा हुन्छ । त्यसैले नै सबैभन्दा ठूलो ग्रहशान्ति, जानअन्जानमा भएका पापकर्मको प्रायश्चित आदिको उपाय गौ सेवा हो । अतः यी गाईको संरक्षणको लागि विभिन्न तवरबाट यथाशक्य सहयोग आदि भूमिका निर्वाह गरेर पनि यहाँले आफ्नो अनिष्ट ग्रह शान्ति गर्नसक्नु हुन्छ । नेपालमा स्थानीय जातिका (लोकल) गाईको पालन पोषणको लागि सामाजिक संस्थाहरूबाट गौशालाहरू सञ्चालनमा आएका छन् ति गौशालाहरूलाई सहयोग गरेर पनि यसमा सहभागिता जनाउन सकिन्छ । अन्य व्रत अनुष्ठान आदि गर्न नभ्याउनेहरूको लागि यो सजिलो उपाय हो ।

# दक्षिण कोरियाली दुई राष्ट्रपति भ्रष्टाचारी



सन् २०१३ फेब्रुअरी २५ मा दक्षिण कोरियाकी प्रथम महिला राष्ट्रपतिका रुपमा पार्क गेउन हाई निर्वाचित भएकी थिइन् । ६४ वर्षीया पार्कको जन्म कोरियाली युद्ध उत्कर्षमा पुगिरहँदा सन् १९५२ फेब्रुअरी २ मा दक्षिण कोरियाको डायगमा भएको हो । उनले साएनुरी पार्टीको प्रतिनिधित्व गर्दै आइरहेकी थिइन् । पार्कले सोगांग युनिभर्सिटीबाट उच्च शिक्षा हासिल गरेकी थिइन् । उनी दक्षिण कोरियाली सायनुरीका अध्यक्षसमेत भइसकेकी व्यक्ति हुन् ।

पार्क गेउन हाई दक्षिण कोरियाको पहिलो महिला राष्ट्रपति, पहिलो जननिर्वाचित राष्ट्रपति र महाअभियोगबाट पद गुमाउने पनि पहिलो राष्ट्रपति बनिन् । लामो राजनीतिक यात्रा पार गरेर देशको सर्वोच्च पदमा पुगेकी पार्कको राजनीतिक विरासत एकै कार्यकालमा गरेका केही निर्णयका कारण विवादितमात्रै बनेनन्, गल्र्यामगुर्लुम्म ढल्न पुग्यो । अब उनले लामो समय जेलको कालकोठरीमा जीवन बिताउनुपर्ने भएको छ ।

दक्षिण कोरियाली पूर्वराष्ट्रपति पार्कमाथि लागेको महाअभियोग संसद्बाट पारित हुँदै आठ सदस्यीय संवैधानिक अदालतले समेत दोषी भएको ठहर गरेपछि गत वर्षको १० मार्चमा ब्लु हाउस छाड्नुपरेको थियो । सन् २०१६ मा दुई महिनाभन्दा लामो शक्ति संघर्षपछि दक्षिण कोरियाली राष्ट्रपति पार्क गेउन हाई आफ्नै दलका सांसद्को समेत साथ नपाएपछि पदावधि रहँदै निलम्बनमा परेकी थिइन् ।

त्यसबेला नै उनले पदबाट सहज रूपमा राजीनामा दिएर हट्ने आशा गरिए पनि त्यसो नभएपछि पार्कमाथि महाअभियोग लगाउने पक्षमा २३४ सांसदले मत जाहेर गरेका थिए । कुल ३ सय सदस्यीय संसद्मा राष्ट्रपतिकै साएनुरी पार्टीका १२८ जना सांसदमध्ये ५६ जना महाअभियोगको पक्षमा उभिएका थिए । उनीहरूलाई पार्टीले राष्ट्रपतिको पक्षमा मतदान गर्न बाध्यात्मक आदेश दिए पनि त्यसलाई उनीहरूले अस्वीकार गर्दै पार्कविरुद्ध उभिए ।

पार्कको राजनीतिक जीवनमा अत्यन्तै नजिकबाट सहयोग गरेकी साथी चोई सुन सिलसँगको सम्बन्ध र भ्रष्टाचार काण्ड सिंगो राजनीतिक विरासतका लागि महंगो साबित भएको छ । उनीमाथि भ्रष्टाचारमा संलग्न भएको र सरकारी दस्तावेजलाई लिक गराएको अभियोग थियो । सन् २०१६ को अन्त्यमा दक्षिण कोरियामा विशाल प्रदर्शनहरू हुँदा त्यसको केन्द्रमा थिए राष्ट्रपति पार्क गेउन हाई र उनकी सहयोगी चोई सुन सिल । जो भ्रष्टाचार काण्डको केन्द्रमा पनि थिए । राष्ट्रपति पार्ककी पुरानो मित्र चोईले नजिकको सम्बन्धको दुरूपयोग गर्दै विभिन्न कम्पनीसँग दबाब बनाएर लाखौं डलर उठाएको र वित्तीय लाभ लिएका तथा यसमा राष्ट्रपतिको संलग्नता रहेको आरोप थियो । उनीमाथि यसै वर्षको सुरुमा २० वर्षको जेल सजाय सुनाइएको थियो भने अब पूर्वराष्ट्रपति पार्कलाई २४ वर्षको जेल सजाय सुनाइएको छ ।

टेलिभिजनबाट प्रत्यक्ष प्रसारण गरिएको पार्कविरुद्धको फैसलाअनुसार उनले १७ मिलियन अमेरिकी डलरबराबर जरिमानासमेत तिर्नुपर्नेछ । आफूविरुद्धको फैसला सुनाइदा उनी अदालतमा उपस्थित थिइनन् र फैसला बहिस्कार गरेकी उनले माथिल्लो अदालतमा अपिलसमेत गर्ने तयारी गरेकी छन् । तर, अदालतले उनको प्रशासनले देशमा अराजकता निम्त्याउन खोजेको तर, उनमा कुनै पश्चातापको संकेत नदेखिएको दाबी गरेको छ । दक्षिण कोरियाली राष्ट्रपति कार्यालय ब्लु हाउसले पनि यो विषय देशकै लागि ठूलो लज्जाको विषय भएको बताएको छ । राष्ट्रपति कार्यालयले यो दक्षिण कोरियाको इतिहासमा सम्झनसमेत नसकिने घटना भएको दाबी गरेको छ ।

दक्षिण कोरियाली पूर्वराष्ट्रपति पार्क गेयुन हाईमाथि लागेका १८ मध्ये १६ वटा घटनामा उन दोषी देखिएकी छन् । पूर्वराष्ट्रपति पार्कमाथि उनकी निकट साथी चोई सुन सिलले प्रभाव पारेर सामसुङसहितका ठूला कम्पनीबाट आफ्नो संस्थाका लागि मोटो रकम लिँदासमेत कडा कदम नचालेको आरोप छ । त्यति मात्रै होइन पूर्वराष्ट्रपति पार्कलाई चोईले सञ्चालन गरेका कम्पनीसँग लेनदेनका लागि दबाब दिएको र चोई र उनकी छोरीलाई उपहार दिन बाध्य बनाएकोमा पनि दोषी ठहर भएकी छन् । उनलाई आफूमाथि लागेको अभियोग र जेल सजायविरुद्ध अपिल गर्न ७ दिनको समय छ ।

धेरै कम मानिसले मात्रै आफ्नो बाल्यकालको साथीलाई ढल्कँदो उमेरसम्म पनि पुरानै रूपमा मित्रता कायम राख्न सक्छन् । त्यसमा एक उदाहरण पार्क पनि हुन् । उनकी साथी चोई सुन सिल यस्तै सानो उमेरदेखिकै दौतरी हुन् । राजनीतिक उत्थानमा सँगसँगै भएकी चोई पार्कको पतनको सबैभन्दा ठूलो कारक बनिन् र त्यो मित्रता अन्ततः जेलतिर पुगेको छ । दक्षिण कोरियाकी पहिलो महिला राष्ट्रपति पार्कलाई पदच्युत गराउने मुख्य भूमिका ती नै चोईले गरेको शक्तिको चरम दुरूपयोग हो । चोईले पार्कले आफूमाथि गर्ने भरोसा र विश्वासलाई पदमा पुगेका बेला दुरूपयोग गरिन् । फलस्वरूप उनीहरूको सम्बन्ध पनि छानबिनको दायरामा आयो र चोईको पार्कमाथि राष्ट्रिय मुद्दामा समेत अनुचित प्रभाव रहेको पाइयो । पार्ककै आडमा शक्तिको चरम दुरूपयोग र भ्रष्टाचारको अभियोगमा उनलाई यसै वर्षको सुरुमा नै २० वर्षको जेल सजाय सुनाइसकेको छ । यसरी अवोध अवस्थामा सुरु भएको मित्रता परिपक्व भएर जनताले दिएको जनादेशका आधारमा देशलाई नेतृत्व दिने बेलामा दुःखद परिणाम भोग्न बाध्य भयो । सम्बन्धलाई गलत ढंगले अघि बढाउँदा एक सशक्त महिला नेतृको राजनीतिको अवसान भएको छ । दक्षिण कोरियाको इतिहासमा निकै ठूलो भ्रष्टाचार र पदीय दुरूपयोगको यो काण्डमामा केही ठूला कोरियाली कम्पनी र तिनीहरूका नेताले समेत पदबाट हात धुनुपरेको छ । यो काण्डमा दक्षिण कोरियाको बहुचर्चित सामसुङ कम्पनीका लि जाए-योङ्ग चोईकी छोरी चुङ्ग यो-राई घोडा दिएको काण्डमा फस्न पुगे । सो काण्डमा उनी पाँच महिनाको जेल सजाय भोगेर केही महिनाअघि रिहा भइसकेका छन् । यो काण्डमा चुङ्ग आफैपनि छानविनमा परेकी थिइन् । छानविनका लागि उनी गत वर्ष डेनमार्कबाट दक्षिण कोरिया आएकी थिइन् ।

पार्क गेयुन-हाई दक्षिण कोरियाकी पहिलो महिला राष्ट्रपति, प्रजातान्त्रिक रूपमा निर्वाचित पहिलो राष्ट्रपति र महाअभियोगको सामना गर्ने पहिलो राष्ट्रपति पनि हुन् । तर उनी भ्रष्टाचारको आरोपमा पक्राउ परेकी पहिलो पूर्वराष्ट्रपति भने होइनन् । गत महिनामात्रै पूर्व नेता ली म्युङ्ग-बाक भ्रष्टाचारकै अभियोगमा दण्डित भएका थिए । सन् १९९० को दशकमा पूर्वराष्ट्रपतिहरू चुन दो-ह्वान र रोह ताए-वू पनि राजद्रोह र भ्रष्टाचारको अभियोगमा पक्राउ परेर सजाय भोगेका थिए । सन् २००९ मा पूर्व राष्ट्रपति रोह मू-ह्वानले भ्रष्टाचारको अभियोगमा छानविनमा रहेकै बेला आत्महत्या गरेका थिए । पार्क गेयुन हाईको भ्रष्टाचार काण्ड दक्षिण कोरियाको पछिल्लो समयको सबैभन्दा ठूलो भ्रष्टाचारमध्येको एक काण्डमा गणना हुन थालेको छ । यो भ्रष्टाचार काण्डले राजनीतिक अभिजात वर्ग र सत्तानिकटबाट हुने शक्तिको दुरूपयोगको रूपमा आलोचित रहेको छ । राजनीतिज्ञ, व्यापारी तथा राजनीतिक अभिजातवर्गहरूको स्वामित्वमा विभिन्न कम्पनी रहेका छन् । जसलाई दक्षिण कोरियामा चेइबोल्स भनिन्छ । त्यस्ता कम्पनीमा शक्ति नजिकका पात्रहरू आवद्ध हुन्छन् र कम्पनी चलाउने मुख्य व्यक्तिहरूको राजनीतिक नेतासँग विशेष सम्बन्ध हुन्छ । त्यही विशेष सम्बन्धका कारण भ्रष्टाचारका घटनाहरू बाहिर आउँदैनन् वा दबाइन्छ । भ्रष्टाचारको पर्दाफास नै भइहालेपनि त्यस्ता समूहको प्रमुख जेल जान्छन् तर जेल परेका भ्रष्टाचार आरोपी राजनीतिक व्यक्तिहरू उम्कने गर्छन् ।

तर अहिले त्यसो नभएर 'लहरोले पहरो तानेको' अवस्था छ । दक्षिण कोरियाको अर्थव्यवस्था माथि उकास्ने र विश्वको राजनीतिक खेलाडीको रूपमा अघि आउने दक्षिण कोरियाका लागि यो ठूलो शिक्षा पनि हो । त्यतिमात्रै होइन पार्क भ्रष्टाचार काण्ड उनकै पूर्व राजनीतिक प्रतिद्वन्द्वी दक्षिण कोरियाका उदारवादी नेता तथा वर्तमान राष्ट्रपति मुन जाए-इनको उदयको प्रमुख कारण पनि हो । उनले पार्ककै कारण 'स्वच्छ सरकार' को अभियानसँगै नयाँ राजनीतिक अध्यायको सुरुवात गर्न सफल भएका छन् । तर पार्कको भ्रष्टाचार काण्डमा कोरियालीहरू विभाजित छन् । शुक्रबार पार्कमाथि २४ वर्षको जेल सजाय सुनाइरहँदा उनको सयौं समर्थकहरू अदालतको बाहिर राष्ट्रिय झण्डा फहराउँदै भेला भएका थिए । पार्कलाई जेल सजाय सुनाइएपछि केही समर्थक आँखाभरी आँसस पार्दै बसेका थिए भने केहीले प्रदर्शन सुरु गरेका थिए । प्रदर्शनकारीमध्ये एकले भने, 'हाम्रो देशमा कानुनी शासनको अवधारणा आजदेखि मर्‍यो ।'

प्रजातन्त्रको नाममा हुने आर्थिक, राजनीतिक भ्रष्टाचार र वित्तिय लाभ एसियाली र तेस्रो विश्वका राष्ट्रको साझा समस्या हो । यद्यपि दक्षिण कोरियाका लागि यो अपाच्य थियो भन्ने कुरा अब पुष्टि भएको छ । उनका बाबु सन् १९६३ देखि १९७९ सम्म दक्षिण कोरियाका राष्ट्रपति थिए र उनको कार्यकालको अन्त्यतिर हत्या भएको थियो । त्यसअघि नै आमाको हत्याको पीडा सहन गरेर राजनीतिमा आएकी पार्कले दक्षिण कोरियाको राजनीतिक प्रणालीमा सुधार गर्ने अपेक्षा गरिएको थियो । उनको यसप्रकारको बर्हिगमनमा पनि यही अन्तर्य लुकेको छ । हाल पार्कमाथिको सजायले दक्षिण कोरिया परिवर्तनको खोजीमा छ भन्ने देखाएको छ । लाखौं जनताले सन् १९८० को दशकपछिकै विशाल प्रदर्शन गरेर ल्याएको पछिल्लो अवस्थालाई विधिको शासन रक्षाको कदमका रूपमा लिइएको थियो । तर यस्तै असहज परिस्थितलाई उपयोग गरेर आएका राजनीतिक अभिजात वर्गका व्यक्तिले राज्यसंयन्त्र कब्जा गरेका दुःखद उदाहरणहरू हामी संसारमा प्रशस्तै पाउँछौं ।



### अर्का पूर्वराष्ट्रपति बाक पक्राउ

भ्रष्टाचारको अभियोगमा निवर्तमान राष्ट्रपति जेल गएको केही दिनमै दक्षिण कोरियामा अर्का पूर्वराष्ट्रपति पनि भ्रष्टाचारको आरोपमा पक्राउ परेका छन् ।

पूर्वराष्ट्रपति लि म्युङ बाकलाई सोमबार भ्रष्टाचार, कर छली र दुरूपयोगको अभियोगमा पक्राउ गरिएको सरकारी अधिकारीले जनाएका छन् । राजधानी सोलमा रहेको केन्द्रीय जिल्ला न्यायाधिवक्ताको कार्यालयले 'अटो पार्ट्स' बनाउने डीएएस नामक कम्पनीको भएको पत्ता लागेकाले उनलाई पक्राउ गरिएको जनाएको छ ।

यस विषयमा झन्डै तीन महिनादेखि गरेको अनुसन्धानबाट सो कम्पनीमा उनको संलग्नता र त्यहाँ भएको अनियमितता पुष्टि भएको अधिकारीले बताएका छन् । लिको कम्पनी डीएएसले उनको प्रभावमा परेर अवैध रूपमा झन्डै ३ करोड २७ लाख अमेरिकी डलर दिलाएको पाइएको छ ।सन् २०१३ देखि लिले पाँच वर्षसम्म उच्च सरकारी अधिकारीको रूपमा सो कम्पनीलाई सहयोग गर्दै आएका थिए ।

देशको सबैभन्दा ठूलो कम्पनीको रूपमा रहेको सामसुङ ग्रुपसँग उनले ५८ लाख ५० हजार अमेरिकी डलर घुस लिएको न्यायाधिवक्ताको कार्यालयले आरोप लगाएको छ ।

सामसुङ कम्पनीका सामानलाई अमेरिका पठाउनका लागि भन्सार राजस्व छुट गराइदिन सो घुस उनले लिएको पाइएको अधिकारीले बताएका छन् । राजनीतिक तथा व्यावसायिक फाइदाका लागि लिले अन्य ठाँउहबाट पनि अरू लाखौं डलर घुस लिएको विश्वास गरिएको छ ।

लि राष्ट्रपति भएको बेलाका राष्ट्रपति कार्यालयका ३ हजार ४०२ फाइल नियन्त्रणमा लिइएको छ । ती फाइलमा उनी नै संलग्न भएको अनुमान गरिएको छ । नियन्त्रणमा लिइएका फाइल लिले गरेका अवैध कामसँग सम्बन्धित रहेको बताइएको छ । बाकमाथि लगाइएको आरोप पुष्टि भएमा उनलाई कर छली, भ्रष्टाचार, सरकारी स्रोत साधन र शक्तिको दुरूपयोग गरेको अभियोगमा कारबाही हुने भएको छ । *(एजेन्सीहरुको सहयोगमा)*

## रोचक संसार

### होटलमै मृत्युको अनुभव



यो होटलमा रात गुजार्नु भनेको वास्तवमै दुनियाँमा सबैभन्दा निडर बन्नु हो । किनकि त्यहाँ रात गुजार्दा मात्र थाहा हुन्छ, आखिर डर केलाई भनिन्छ । यो होटल एकजना सिरियल किलरको कथाबाट प्रभावित भएर बनाइएको होटल हो ।

उक्त होटलमा बास बस्ने जोकोहीले यस्तो डरको सामना गर्नुपर्दछ कि उसले सायद त्यस्तो त्रास जीवनमा पहिलोपटक अनुभूत गरेको हुनसक्छ । यो होटल यस्ता मानिसहरुका लागि बनाइएको हो, जसलाई डरको सामना गर्दा मज्जा आउँछ । त्यसैले त्यहाँ जानेहरु दह्रो मुटु भएको हुनैपर्दछ ।

त्यस होटेललाई १९ औं सताब्दीको सुरुवाततिर मात्रै होटलको स्वरुप दिइएको थियो । बाहिरबाट हेर्दा यो निकै आलिशान लाग्दछ । त्यस समय अमेरिकामा एकजना सिरियल किलर निकै चर्चित थियो र ऊसँगै जोडेर यो होटल तयार गरिएको थियो । त्यस सिरियल किलरले होटलमा गएर मानिसहरुको हत्या गर्दथ्यो । सन् १८९१ देखि १९४९ को बीचमा झण्डै २ सय जनाको हत्या होटलको कोठाभित्रै गरिएको थियो । सोही कारण त्यस समय मानिसहरु होटलमा बास बस्न पनि डराउन थालेका थिए । उक्त हत्याराको नाम एचएच होम्स हो । उसको कथावस्तुमा आधारित केही फिल्म पनि बनेका छन् ।

सोही अमेरिकी हत्याराको झल्को दिनेगरी बेलायतको लण्डनमा उक्त होटलको निर्माण गरिएको हो । होटलभित्र कतिपय ठाउँ यस्ता तयार गरिएको छ कि मानिसहरुलाई लाग्छ कसैले मेरो हत्या गर्दैछ ।

यो होटलको नाम दी होलो होटल रहेको छ । बिस्कुट कारखाना रहेको पूरानो भवनमा यो डरलाग्दो होटल तयार गरिएको छ ।

### जिन्सको चेनमा YKK

YKK को अर्थ Yoshida Kōgyō Kabushikigaisha हो । सायद तपाइँ हामी मध्ये धेरैले यो नाम पहिलोपटक सुनेका हौंला । वास्तवमा यो नाम त्यस कम्पनीको हो, जुन विश्वमा जिन्स तथा अन्य कपडाको चेन अर्थात् जिपर बनाउने सबैभन्दा पहिलो कम्पनी हो । विश्वभरमा प्रयोगमा आउने आधाभन्दा धेरै जिपर यहीँ कम्पनीले उत्पादन गर्ने गर्दछ । अहिले यो देशले ७१ वटा देशमा आफ्नो उत्पादन गर्दै आएको छ । सन् १९३४ मा जापानको टोकियोका एक व्यापारी तादाओ योशिडाले जिपरको आविष्कार गरी यसको व्यवसायिक उत्पादन गर्नका लागि यो कम्पनीको स्थापना गरेका थिए ।

वास्तवमा ती आविष्कारकलाई मान्नै पर्दछ । जसले निकै सानो तर महत्वपूर्ण मानिने वस्तुको आविष्कार गरे, जुन विश्वका अर्बौं मानिसले प्रयोग गरिरहेका छन् र यसले मानिसको लाज जोगाइदिएको छ । यतिमात्र होइन, लाखौं मानिसलाई रोजगारी पनि दिएको छ । यो कम्पनीले चेनका अलावा कपडा र ब्यागमा लगाउने अन्य चिजहरु पनि उत्पादन गर्दछ । यो कम्पनीको सबैभन्दा ठूलो कारखाना अमेरिकाको जर्जियामा छ । त्यहाँ दैनिक ७० लाख चेन उत्पादन गरिन्छ ।

### तलब थोर भएपछि...

दैनिक खर्चको चाप बढिरहने तर तलब भने जहींको तहीं भएसँगै धेरै जागिरे तथा कामकाजी मानिसहरु सधैं तनावमा रहन्छन् । खर्च धान्ने पैसा कमाउनका लागि कतिपयले दुई तीनवटा काम गर्दछन् त कतिले खाइपाई आएको जागिर छाडेर अर्को जागिर खोज्छन् । तर आफ्नो तलब कम भएको झोँकमा इटालीका एकजना हुलाकीले जे गरे त्यो चाहीँ सायद अहिलेसम्मकै नौलो हो ।

हुलाकबाट पत्र तथा सामानहरु डेलिभरी गर्ने ती पोस्टम्यान अर्थात् हुलाकीलाई आफ्नो तलब निकै कम भएपछि अति नै रिस उठेछ क्यारे । फलस्वरुप उनले हुलाकमार्फत आफुलाई डेलिभरीका लागि जिम्मा प्राप्त भएका कुनैपनि पार्सल सम्बन्धित मानिसको डेलिभरी गरेनन् । एक दुई दिनमात्र कहाँ हो र ? पूरै तिन वर्षसम्म उनले सामान डेलिभरी नगरीकनै आफ्नो घरमा थुपारिरहे । तर कसैले पत्तो पाएन ।

गत वर्ष सन् २०१७ मा यी हुलाकीले जागिर छाडेका थिए । सेवा निवृत्त भएपछि एक दिन उनी गोजीमा यत्तिकै चक्कु बोकेर हिँडिरहेका थिए । एकदिन अकस्मात् स्थानीय पुलिसले नियमित गस्तीका क्रममा ती मानिसलाई चक्कु साथमा राखको अवस्थामा पक्राउ गर्‍यो ।

त्यसपछि पुलिसले उनको घरमा खानतलासी गर्न पुग्यो । जब पुलिसले उनको घरका खानतलासी गर्‍यो तब त्यहाँ डेलिभरी नभएका विभिन्न व्यक्तिका नाउँका ४० बक्सा पार्सल फेला पार्‍यो । ती बक्समा बैंक स्टेटमेन्ट, बिल, निजी पत्रहरु लगायत विभिन्न सामानहरु पनि थिए । उनले डेलिभरी नगरी घरमा थुपारेका पार्सलहरु जम्माजम्मी ४ सय किलो थिए ।

### मुसाले गाँजा खाएको दाबी

केही महिनाअघि भारतको विहार राज्यमा त्यहाँको पुलिस एउटा काण्डले चर्चित बनेको थियो । रक्सी उत्पादक तथा व्यापारीबाट कब्जा गरिएको हजारौं लिटर अवैध रक्सी मुसाले खाइदिएको दाबी गरेपछि बिहार पुलिस एकाएक चर्चा तथा विवादमा तानिएको थियो । अहिले बिहार पुलिसलाई एक कदम पछि छाडेको छ अर्जेन्टिनाको पुलिसले ।

विहारका मुसाले त रक्सीमात्र खाने रहेछन् । उता अर्जेन्टिनाका मुसा चाहीँ गाँजाकै अम्मली रहेछन् ।

अर्जेन्टिनामा करोडौं मूल्य पर्ने साढे ५ सय किलो गाँजा मुसाले खाइदिएको दाबी पुलिसले गरेपछि एउटा तहल्का नै मच्चिएको छ । त्यहाँको पुलिसले अदालतमा बयान दिँदै प्रहरी चौकीको गोदाममा राखिएको साढे ५ सय किलो गाँजा मुसाले हजम गरेको दाबी गरेको छ । लागु औषध सम्बन्धी एक मुद्दामा अदालतमा भएको सुनुवाइका क्रममा बयान दिने क्रममा ८ जना प्रहरी अधिकारीले साढे ५ सय किलो मरिजुयना नामक गाँजाजस्तै लागु पदार्थ मुसाले खाएको दाबी गरेपछि न्यायाधीशहरु पनि तिनछक परे ।


हेरोइन र अफिमजस्तै पश्चिमी देशहरुमा चर्चित लागू औषध मरिजुयनाको अन्तराष्ट्रिय बजारमा मूल्य प्रतिकिलो ३ हजार डलर रहेको छ । पुलिस चौकीबाटै ३ हजार किलो त्यो पदार्थ हराउनु र पुलिसले मुसाले खाएको भनेपछि तहल्का नमच्चिने कुरै भएन ।

गत वर्ष पक्राउ गरिएको १३ हजार २ सय किलो उक्त गाँजा भण्डार गरिएको ठाउँ नयाँ पुलिस प्रमुखले जाँच गर्ने क्रममा झण्डै साढे ५ सय किलो गाँजा गायब भएको खुलासा भएको हो ।

### मानव औंला भेटियो

साउदी अरेबियाको नेफुड मरुभूमि क्षेत्रमा विश्वको सबैभन्दा पँरानो आधुनिक मानव जातिको जिवाश्म फेला परेको छ । पुरातत्वविदहरुले ८५ हजार वर्ष पूरानो मान्छेको औंलाको हड्डी फेला पारेका हुन् ।

३.२ सेमी लामो उक्त हड्डी अरब प्रायद्विपमा पाइने पहिलो तथा सबैभन्दा पूरानो आधुनिक मानव जातिको जिवाश्म भएको बताइएको छ । अर्थात् यो हाम्रो मानव प्रजातिको सबैभन्दा पूरानो नमूना



मानिएको छ । यसअघि अष्ट्रेलियामा ८० हजार वर्ष पूरानो आधुनिक मानव प्रजातिको दाँत तथा ६५ हजार वर्ष पूरानो मानवीय अवशेष फेला परेको थियो । ती अवशेषहरुभन्दा साउदीमा फेला परेको अवशेष सबैभन्दा पूरानो रहेको छ ।

साउदीमा फेला परेको पछिल्लो अवशेषले आधुनिक मानव जाति प्रारम्भिक अवस्थामै अफ्रिका बाहिर पृथ्वीका चारैतर्फ फैलिएको प्रमाण प्रस्तुत गरेको छ । उक्त जिवास्मको आनुवंशिक अध्ययनबाट आधुनिक मानव जाति करीब ६० हजार वर्ष पहिले नै अफ्रिका र लेभेन्ट अर्थात् एसियाको भूभागबाट बाहिर प्रस्थान गरिसकेको पुष्टि भएको वैज्ञानिकहरुको ठहर छ ।

### चन्द्रमामा आलु र फूल



यदि चीनले बनाएको योजना सफल भएमा अब छिटै चन्द्रमाको जमिनमा आलु फल्नेछ र फूल फुलेको देख्न पाइनेछ । चीनको एक विश्वविद्यालयका वैज्ञानिकहरुले अहिले यो प्रयासमा जुटिरहेका छन् । समाचार अनुसार चीनले सन् २०१८ मा चन्द्रमामा आफ्नो पहिलो जैविक अन'सन्धानको रुपमा चांग इ फोर लुनार यानको माध्यमबाट चन्द्रमामा आलू, एक प्रकारको फूलको विजय तथा रेशम किराको अण्डा पठाउने योजना बनाइरहेको छ । उक्त अनुसन्धानको माध्यमबाट चन्द्रमाको वातावरणा नयाँ सम्भावनाको खोजी गर्नु हो । आलु, रेशम किराको अण्डा र अरबिडोफिसिस जातको फूलको बिउबाट यसको सुरुवात ह'नेछ ।

दक्षिण पश्चिमी चीनको चांगकिंग विश्वविद्यालयको नेतृत्वमा चीनका २८ वटा विश्वविद्यालय मिलेर यो योजना अघि बढाएका हुन् । लुनार मिनी बायोस्फेर नामक उक्त योजनामा नेदरल्याण्ड, स्विडेन, जर्मनी र साउदी अरबका वैज्ञानिक यन्त्रहरुलाई पनि एउटै यानमा राखेर चन्द्रमामा पठाइनेछ ।

### नयाँ प्रयोग र आविष्कार

भारत । प्लास्टिकको अत्यधिक प्रयोगका कारण वातावरण र मानव स्वास्थ्यमा परिरहेको नकारात्मक असरबाट जोगाउनका लागि वैज्ञानिकहरुले दिनहुँ नयाँनयाँ प्रयोग र आविष्कार गरिरहेका छन् । सोही क्रममा वैज्ञानिकहरुले प्लास्टिकको प्रयोग हुने केही सामाग्रीहरु यस्तो पदार्थबाट बनाएका छन् जसलाई खान मिल्दछ ।

भारतको हैदरावादका नारायण पिसपति नामक वैज्ञानिकले अन्नको पिठोबाट चम्चा तयार गरेका छन् । उक्त चम्चा हामीले दिनहुँ खानका लागि प्रयोग गरिने चम्चाको रुपमा प्रयोग गर्न सकिन्छ । खानेकुरा खाइसकेपछि चम्चा प्लेटमा राख्नुपर्दैन, त्यसलाई कपाकप खाइदिए हुन्छ । किनकी त्यो पिठोको चम्चा पनि भोजनको एक भाग हो । त्यस्तै बेलायतका शोधकर्ताहरुले सामुद्रिक लेउबाट पानी राख्ने भाँडा तयार पारेका छन् । गार्जियन पत्रिकामा छापिएको रिपोर्टअनुसार समुद्री लेउबाट तयार पारिएको उक्त पानी राख्ने भाँडोले बोतलबन्द पानीका लागि प्रयोग हुने प्लास्टिकका बोतललाई विस्थापित गर्नसक्ने आशा गरिएको छ ।

*अनलाइन खबरबाट*

# बाल विकास समाजका विविध गतिविधि


प्राथमिक उपचार बाकसका बारे अभिमुखिकरण गरिँदै


वातावरण सरसफाईका लागि सामग्री र स्यानिटरी प्याड हस्तान्तरण गरिँदै


स्वास्थ्य अभिमुखिकरण र अवलोकन टोली


छ तरिकाले हात धुने तरिका अभ्यास गर्दै बालबालिका


विद्यालयमा स्वास्थ्य र सरसफाइका बारेमा अभिमुखिकरण गर्दै


बालबालिका, अभिभावक र शिक्षकको रक्त परिक्षण गरिँदै


खानेपानीको अनुगमनका क्रममा सहभागीहरू

## विद्यालयमा स्वास्थ्य अभिमुखिकरण तथा अनुगमन सम्पन्न

बाल विकास समाजले Borouge Pet Ltd. को आर्थिक सहयोगमा पाँचखाल नगरपालिका वडा नं. २ अनैकोट (ज्यामिरकोट) मा रहेको श्री ज्ञानोदय आधारभूत विद्यालयमा व्यवस्थित रुपमा शौचालय निर्माण र खानेपानी आपूर्तिका लागि School Toilet Construction and Water Supply Project संचालन गरिरहेको छ। १३४ जना विद्यार्थी रहेको उक्त विद्यालयमा आधुनिक र व्यवस्थित शौचालय निर्माण सम्पन्न भएको छ। जसमा छात्र र छात्राको लागि छुट्टा छुट्टै शौचालयको व्यवस्था रहेको छ भने अपाङ्गता भएका तथा असक्त विद्यार्थीहरुका लागि छुट्टै व्यवस्था सहितको शौचालयको व्यवस्था छ। त्यसै गरी बालबालिकामैत्री संरचना निर्माण गरी शौचालय र शौचालय बाहिर खानेपानीको व्यवस्था गरिएको छ।

शुद्ध खानेपानीबाट विद्यालयका बालबालिका र उक्त ज्यामिरकोट समुदायमा रहेका २३ घरधुरीका करिब ११० जना व्यक्तिहरु लाभान्वित भएका छन्। खानेपानीको लागि गाउँ भन्दा करिब ३०० मिटर तल रहेको मुलबाट १०,००० लिटरको ट्यांकीमा जम्मा गरी मोटरको सहायताले करिब ३०० मिटर माथि लिफ्टिङ्ग गरिनेछ। ३०० मिटर माथि अर्को १०,००० लिटरको ट्यांकीमा पुनः जम्मा गरी विद्यालय र नजिकको गाउँका २३ घरपरिवारमा वितरण गरिने योजना रहेको छ। उक्त ट्यांकीबाट विद्यालयमा रहेको शौचालय र खानेपानीको धारामा नियमित पानी वितरण हुने र गाउँमा छुट्टै ५ वटा पाइप लाइनबाट पानी वितरण गरिएको छ।

## परियोजना स्थल अनुगमन

पाँचखाल नगरपालिका वडा नं. २ अनैकोट (ज्यामिरकोट) मा रहेको श्री ज्ञानोदय आधारभूत विद्यालयमा व्यवस्थित रुपमा शौचालय निर्माण र खानेपानी आपूर्तिका लागि School Toilet Construction and Water Supply Project को गत चैत्र २८ गतेका दिनमा विकास समाजको सिनियर म्यानेजमेन्ट टिम, स्वास्थ्य कार्यक्रमको टिमबाट प्रत्यक्ष अवलोकन भ्रमण गर्ने कार्य सम्पन्न भएको छ। उक्त भ्रमणका क्रममा विद्यालयमा निर्माण गरिएको शौचालय भवन र खानेपानीको सबै स्थानमा गइ अनुगमन गरिएको थियो। शौचालय र खानेपानीका लागि बनेको संरचना मजबुद र कार्य प्रभावकारी छ छैन, गुणस्तरीय सामग्रीको सामानको प्रयोग भए नभएको बारेमा निरिक्षण गरिएको थियो। हालसम्म भइरहेको कार्य प्रगति र कार्य प्रक्रिया, सामग्रीको व्यवस्था तथा प्रयोगको बारेमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा निर्माण समितिको संयोजक गणेश सिलवालले बताउनु भयो। यस परियोजना र यहाँ बन्दै गरेको शौचालय र खानेपानीको व्यवस्थाले गर्दा विद्यालय, विद्यार्थी र गाउँले सबैजना खुसी भएको कुरा विद्यालयका प्रधानाध्यापक मेघनाथ अधिकारीले बताउनु भयो। विद्यालयको कक्षाकोठा अनुगमन गर्दा आवश्यक सल्लाह सुझाव दिने काम बाल विकास समाजका सिनियर प्रशासन तथा वित्तीय व्यवस्थापक कार्यक्रम विद्यालयका शिक्षकहरु, विद्यालय व्यवस्थापन समिति, अभिभावक र अन्य सरोकारवालाहरुको उल्लेख्य सहभागिता रहेको थियो।

## स्वास्थ्य वातावरण सरसफाइ सम्बन्धी अभिमुखिकरण

विद्यालयमा भएका बालबालिका, शिक्षक र अभिभावकलाई व्यक्तिगत सरसफाइ र स्वास्थ्यको बारेमा अभिमुखिकरण सम्पन्न गरिएको थियो। बाल विकास समाजका स्वास्थ्य इन्चार्ज राधिका श्रेष्ठ तथा स्वयम्सेवकहरुबाट अभिमुखिकरण गरिएको थियो। जसमा सहभागीहरु सक्रिय सहभागी हुँदै जिज्ञासु भएका थिए भने ४७ जना सहभागीहरु प्रत्यक्ष सहभागी भएका थिए। उक्त समयमा सहभागीलाई ६ तरिकाले हात धुनेबारे अभ्यास गराइएको थियो।

उक्त विद्यालयका सोही सहभागीहरुलाई वातावरण सरसफाईका बारेमा प्रष्ट पारिएको थियो। बालबालिकाहरुलाई ४ समुहमा विभाजन गरी कक्षाकोठा सरसफाई, बालबालिकाको व्यक्तिगत सरसफाई, वरपरको सरसफाई र शौचालयको सरसफाईका लागि कार्य गर्न सहयोग गर्ने तथा अनुगमन गर्नेछ। जसबाट वातावरण फोहर हुँदा पर्नसक्ने जोखिमबाट बच्न सकिने बारे बुझाइएको थियो।

## स्यानिटरी प्याड प्रयोग तथा यसलाई जलाउने तरिकाबारे अभिमुखिकरण

श्री ज्ञानोदय आधारभूत विद्यालयमा अध्ययनरत कक्षा ४ देखि कक्षा ८ सम्मका २१ जना बालिकाहरुका साथै शिक्षिकाहरुलाई स्यानिटरी प्याड प्रयोग गर्ने तथा यसलाई जलाउने तरिकाको बारेमा अभिमुखिकरण गरियो। विद्यालयमा आउँदा मासिक रुपमा हुने महिनावारीका समयमा कसरी प्रयोग गर्ने भन्ने विषयमा छलफल सहित बुझाइएको थियो। प्याड प्रयोग गरेपछि शौचालयमा रहेको जलाउने ठाउँमा कसरी खसाल्ने र जलाउने भन्ने विषयमा सिकाइएको थियो। महिनावारीका समयमा बालिकाहरुले विद्यालय गयल हुने र पढ्न नपाउने समस्याबाट मुक्त हुनेछन्।


वातावरण सरसफाईका लागि सामग्री र स्यानिटरी प्याड हस्तान्तरण गरिँदै

## प्राथमिक उपचार बाकसबारे अभिमुखिकरण

विद्यालयका बालबालिका, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिलाई प्राथमिक उपचार सम्बन्धी जानकारी दिइयो। स्वास्थ्य इन्चार्ज राधिका श्रेष्ठबाट जानकारी गराउँदै यसको प्रयोग, प्रार्थमिक उपचार र स्वास्थय सुरक्षा, जोखिम न्यूनिकरण गर्नका लागि अपनाउने उपाय, औषधी तथा सामग्री समय समयमा परिवर्तन गर्ने बारे व्याख्या गर्नुभएको थियो। उक्त जानकारीसँगै प्राथमिक उपचार बाकससहित अत्यावश्यक औषधीसमेत विद्यालयलाई हस्तान्तरण गरियो।

## सामग्री हस्तान्तरण

उक्त सरसफाईका लागि कक्षाकोठाका लागि आवश्यक १३ थान डस्टविन, १३ थान डस्टप्यान, ५ थान बाल्टी ५ थान जग, १० थान नैना, २०० प्याकेट (१६०० थान) स्यानिटरी प्याड, झाडु, साबुन, हार्पिक जस्ता सामग्री विद्यालय व्यवस्थापन समिति र शिक्षिकाहरुलाई हस्तान्तरण गरिएको थियो।

## रक्त समूह परिक्षण

बाल विकास समाजले संचालन गरेको स्वास्थ्य कार्यक्रम अन्तर्गतका कर्मचारीहरु, स्वयम्सेवकहरु र ल्याब टेक्निसिन संजय आचार्य सहितबाट उक्त विद्यालयमा अध्ययनरत बालबालिका, शिक्षक, व्यवस्थापन समितिका सदस्य तथा अभिभावकहरुको रक्त समूह परिक्षणको कार्य सम्पन्न भएको छ। आफ्नो स्वास्थ्य सम्बन्धी जानकारीका लागि आफ्नो रक्त समूह थाहा पाइराख्न पाएकोमा सहभागीहरु खुसी भएका थिए। सो समयमा ९३ जनाको रक्त परिक्षण भएको थियो।

**प्रस्तुतीः प्रदिपकुमार श्रेष्ठ**

## श्रद्धाञ्जली...

भएको थियो । ५५ बर्षको उमेरमा दिवंगत हुनुभएका क. शत्रुध्नप्रसाद उपाध्यायका श्रीमती गीता उपाध्याय, दुई छोरी र एक छोरा हुनुहुन्छ ।

पशुपति, आर्यघाटमा भएको अन्त्येष्टी कार्यक्रममा पार्टी स्थायी कमिटी सदस्य तथा प्रवक्ता क. कुमार बेलबासेले दिवंगत क. उपाध्यायको पार्थिव शरीरमा पार्टीको झण्डा ओढाएर सम्मान व्यक्त गर्नु भएको थियो भने पार्टी पोलिटब्युरो सदस्य क. नीलम के.सीले फूलमाला अर्पण गरेर अन्तिम विदाई गर्नु भएको थियो । उक्त अन्त्येष्टी कार्यक्रममा केन्द्रीय सल्लाहकार कमिटीका सदस्य क. चन्द्र उप्रेती, प्रयुसंघ, नेपालका सहसंयोजक क. उदिम खड्का सहित पार्टी एवम् वर्गीय तथा जनसंगठनका नेता-कार्यकर्ताहरुको उपस्थिति रहेको थियो । नेकपा (माले) दिवंगत क. शत्रुध्नप्रसाद उपाध्यायलाई भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसंतप्त श्रीमती गीता उपाध्याय तथा परिवार र आफन्तजनमा गहिरो समवेदना व्यक्त गर्दछ ।'

## झन् टाढिँदै...

जस्ता प्रभावी नेता पनि जेल परे । हजारौं विद्रोहीहरुलाई पक्राउ गरी जेल हाल्न केन्द्र र राज्य सरकार सफल भयो । आफ्नै मार्क्सवादी पार्टीबाट विद्रोह गरी सशस्त्र नक्सी विद्रोह गर्नेहरुलाई दमन गर्न तत्कालीन पश्चिम बंगाल राज्यका गृहमन्त्री ज्योति बसुले निकै ठूलो मेहनत गरेका थिए । चारु मजुमदारको कायरता पूर्ण हत्यासँगै नक्सवादी विद्रोह सुस्तायो । अहिले झन्डै चार दशकपछि भारतको विहार, झारखण्ड, उत्तर प्रदेश, महाराष्ट्र लगायतका राज्यहरुमा माओवादी संघर्ष चलिरहेको छ । त्यसलाई भारतीय सरकारले चुनौतीको रुपमा लिएको छ ।

२०२९ साल फागुन २१ गते झापाली कम्युनिस्ट विद्रोहीहरु नेत्र घिमिरे, रामनाथ दाहाल, वीरेन राजवंशी, नारायण श्रेष्ठ, कृष्ण कुइँकेललाई जेल सार्ने बहानामा सुखानीको जंगलमा लगेर हत्या गरे पञ्चायती शासकहरुले । २०३० सालमा विद्रोहको नेतृत्व गर्ने सीपी, आरके, हर्कबहादुर खड्का, सीता खड्का, लीला कट्टेल, श्रीराम गिरी, नारद वाग्ले लगायत दर्जन बढी युवाहरु पक्राउ परे । 'एक्सन' का गतिविधिहरु शून्यप्राय भए । सीपी मैनाली नख्खु जेल ब्रेक गरी बाहिरिएपछि संगठन विस्तार भयो । मालेले देशव्यापी आकार ग्रहण गऱ्यो । मालेको नेतृत्व वर्ग ०३५ सालमै मानसिक रुपमा विभाजित थियो । पार्टी स्वतन्त्रता र राजनीतिक स्वतन्त्रता भन्नेमा । सीपीले पार्टी स्वतन्त्रताको लाइन समातेका थिए । ०४६ सालको जनआन्दोलनले पार्टीमाथिको प्रतिबन्ध हटाउन दरबार बाध्य भयो । सीपी लाइन सही भएर पनि पार्टीले त्यसको पुनर्मूल्यांकन गरेन । न त सीपीलाई फेरि नेतृत्वमै आउन दिइयो । सीपीपछि पार्टीको नेतृत्व झापा विद्रोहले नचिनेका झलनाथ, मदन भण्डारी, माधव नेपालको हातमा पुग्यो । अहिले मात्र झापा विद्रोहबाटै आएका केपी ओली एमाले अध्यक्ष छन् । महाकाली सन्धिपछि एमाले विभाजित भयो । वामदेव गौतमहरु पछि एमालेमा फर्किए पनि सीपी गएनन् । माले पार्टी सीपीकै नेतृत्वमा अहिले पनि चलायमान छ ।

झापा विद्रोहकै नक्कल गर्दै मसाल, मशाल, चौथो महाधिवेशन सर्वहारावादी श्रमिक संगठन (यसमा पछि मोहनविक्रम र निर्मल लामा अटाएनन्) मिलेर बनेको एकता केन्द्रले २०५२ फागुन १ गतेबाट सशस्त्र विद्रोह सुरु गऱ्यो । पार्टीको नामाकरण माओवादी गरेर सुरु गरिएको विद्रोह एक दशकसम्म चल्यो । यस युद्धमा ठूलो धनजनको क्षति भयो । आखिर माओवादीलाई भारतले शान्तिपूर्ण प्रतिस्पर्धात्मक बहुदलीय राजनीतिमा अवतरण गरायो १२ बुँदे दिल्ली सहमतिबाट । प्रचण्डको क्रान्तिकारीको लोगो विप्लव र वैद्यले खोसेपछि उनको दलको अवस्था एमालेभन्दा पृथक रहेन । दोस्रो संविधान सभामा लज्जास्पद पराजय भएपछि प्रचण्डले एमालेसँग एकता गर्ने मुड बनाए । स्थानीय तह निर्वाचनमा कांग्रेससँग लगनगाँठो कसेका प्रचण्ड प्रदेशसभा र संघीय संसदको चुनावमा एमालेसँग चनावी तालमेल गर्न पुगे । पार्टी एकतालाई उधारोमा राखेर गरिएको तालमेल सफल भयो । वामगठबन्धनले कांग्रेसलाई किनारा लगायो । एकताको आश्वासन जनतालाई दिइएकाले प्रचण्ड, ओली नमिली सुखै छैन । सचिवहरुको सरुवामा हिस्सिएपछि प्रचण्ड ओलीसँग सशंकित छन् । प्रचण्डको एकतापछिको पोजिसन ओलीले स्पष्ट नपारी एकताको कुरा भ्यागुताको धार्नी जस्तै भएको छ ।

## महालेखाले...

भनेर छलिएको प्रतिवेदनले भनेको छ । प्रतिवेदनमा उल्लेख भएअनुसार प्रारम्भमा कम्पनीको स्थानीय एजेन्ट नभएको उल्लेख गरी बोलपत्र पेस गरे पनि बोलपत्र साथ पेश भएका कागजात परीक्षण गर्दा वाणिज्य विभागको २०७३ असोज १६ को पत्रानुसार काठमाडौंस्थित एक फर्मले इटालीको उक्त कम्पनीको एजेन्ट भई काम गरेको देखिएको थियो ।

उक्त एजेन्टले पाउने कमिसन, मुद्रा कर चुक्ता प्रमाण आदि संलग्न गरेको छैन । प्रतिवेदनमा भनिएको छ- बोलपत्र मूल्यांकन समितिले बोलपत्रसम्बन्धी कागजातहरु पर्याप्त अध्ययन र परीक्षण गरिएको देखिएन । यसमा सम्बन्धित पदाधिकारीलाई समेत जिम्मेवार बनाउनुपर्छ ।

नेपाली सेनाको विपद व्यवस्थापन क्षमता अभिवृद्धिका लागि लाइट हेलिकोप्टर खरिद गर्न ३१ लाख ९० हजार युरोको लागत अनुमान स्वीकृत गरी बोलपात्र माग गर्दा फ्रान्स र अमेरिकाको हेलिकप्टर कम्पनीले बोलपत्र पेस गरेका थिए । कम कबोल गर्ने फ्रान्सको कम्पनीको तर्फबाट सिंगापुरस्थित एक एजेन्टले कबोल गरेको २५ लाख ६७ हजार युरो (१९.५४ प्रतिशत) घटी कबोल पत्र स्वीकृत गरिएको थियो । नेपाल सरकार मन्त्रिपरिषद्ले २०७३ असार १६ मा एउटा मिडियम र दुईवटा लाइट हेलिकप्टर खरिद गर्ने गरी बोलपत्र आह्वान गरेकोमा एउटा मात्र खरिद गऱ्यो र अर्को हेलिकप्टर किन्न पुनः आर्थिक प्रस्ताव माग गरेर अमेरिकाको बेल हेलिकप्टर कम्पनीबाट ३८ लाख अमेरिकी डलरमा खरिद गर्ने गरी सम्झौता गरेको थियो ।

'नेपाली सेनाको सिफारिसमा रक्षामन्त्री स्तरीय निर्णय गरी तोकिएको भन्दा फरक स्पेसिफिकेसनको हेलिकप्टर खरिद गरेको मनासिब देखिएन । महालेखाको प्रतिवेदनमा उल्लेख छ ।

नेपाली सेनाले स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १४९ मा नगरपालिका क्षेत्रमा भवन निर्माण गर्ने अनुमति नलिई आफूखुसी भवन निर्माण गरेको महालेखाले सार्वजनिक गरेको छ । नगरपालिकाको अनुमतिबिना कसैले पनि नगरपालिका क्षेत्रमा नयाँ भवन बनाउन नपाउने ऐनमा उल्लेख छ । ऐनअनुसार नगरपालिका क्षेत्रमा भवन निर्माण गर्न चाहने व्यक्ति वा सरकारी कार्यालयले भवनको नक्सासहित नगरपालिकामा निवेदन दिनुपर्ने व्यवस्था छ तर नेपाली सेनाले निर्माण गरिरहेको मुख्यालय भवन लगायत आन्तरिक निर्माणका अन्य सबै भवनको नगरपालिकाबाट अनुमति लिएको देखिएन । भवन निर्माण गर्दा स्थानीय निकायको अनुमति नलिँदा कानुनको पालना नहुने एवं भवन तोकिएको मापदण्ड अनुसार निर्माण भएको सुनिश्चित नहुने हुँदा कानुनबमोजिम अनुमति लिएर मात्र भवन निर्माण गर्नुपर्छ ।' महालेखाले प्रतिवेदनमा उल्लेख गरेको छ ।

सेनाका लागि आवश्यक हाइइनर्जी बिस्कुट र कन्डेन्स मिल्क २०७२ माघ १ गतेदेखि २०७५ पुससम्म आपूर्ति गर्ने गरी एक बिस्कुट उद्योग र एक दुग्ध व्यवसायीसँग ३८ करोड ६४ हजार र १६ करोड ९८ लाखमा नेपाली सेनाले सम्झौता गरेको थियो । सम्झौता अनुसार हाल नमुनाको रुपमा पेस भएको हाई इनर्जी विस्कुटको गुणस्तर निरन्तर रुपमा कायम राख्न आपूर्तिकर्ताले आफ्नै खर्चमा ४/४ महिनामा स्वदेशस्थित खाद्य प्रविधि गुण नियन्त्रण विभाग र विदेशस्थित अन्तर्राष्ट्रिय मान्यता प्राप्त प्रयोगशालामा परीक्षण गराई प्रतिवेदन पेस गर्नुपर्ने र खरिदकर्ताले आवश्यकता अनुसार आकस्मिक गुणस्तर गराउनुपर्ने नियम छ । हाई इनर्जी विस्कुट र स्विटेन्ड कन्डेन्स मिल्कको आपूर्तिकर्ताले भने स्वदेश तथा विदेशको प्रयोगशालामा गुणस्तर परीक्षण गराई प्रतिवेदन पेस नगरेको र कार्यालयले समेत गुणस्तर परीक्षण नगराई सेनालाई विस्कुट खुवाइरहेको महालेखा प्रतिवेदनले खुलासा गरेको छ ।

महालेखाले छाउनीस्थित सेनाको अस्पतालबारे पनि औंल्याएको छ । प्रतिवेदन अनुसार छाउनीमा रहेको वीरेन्द्र अस्पतालमा २ वटा लिफ्ट जडान गर्न १ करोड ४ लाखको लागत अनुमान गरी एक करोड २ लाखमा सम्झौता गरिएको थियो । सम्झौता अनुसार २०७४ असार मसान्तमा काम सक्नुपर्ने उल्लेख थियो । सहमतिअनुसार असार २५ मा कार्य सम्पन्न प्रतिवेदन तयार गरिएको थियो, जसमा १ करोड १५ लाख भुक्तानी पनि भयो । पुस २५ मा निरीक्षण गर्दा भने काम अझै भइरहेको देखियो । निर्माण कार्य सम्पन्न नभई कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने भुक्तानी दिनेलाई जिम्मेवार बनाइनुपर्ने महालेखा प्रतिवेदनले बताएको छ ।

नियात्रा

खोमदत्त बराल

# बेलायतको सेरोफेरो-२२

हामी चारै जना अस्पताल गइयो । केही छिन बसे पछि दशवटा एक्सरे गरेछ । दइ हप्ता पछि स्थानीय हेल्थ पोष्टमा पठाइ दिने रिपोटैको पर्खाइमा रहनु पर्छ रे । रिपोर्ट कस्तो आउँछ । भसंक अपरेसन गर्नु नपरे हुने थियो ।

यहाँको यातायात बारे अघि पनि धेरै लेखिएको छ । दश बाह्र त रेल कम्पनी छन् । डिएल आर ठूर्क लाइट रेलमा त मानिस ड्राइभर विना नै चल्दो रहेछ । ड्राइभरले चलाइ रहनु नपर्दो रहेछ । छेउमा नै गएर निरीक्षण परिक्षण गरियो । ड्राइभर होइन कुनै सुरक्षाकर्मी संग चावी हुँदो रहेछ । हामीले अनुमान गर्ने ड्राइभरको सिटमा सामान्य यात्रु बसेका रहेछन् । उनकौ सीटमा गएर यस व्यक्तिको विराजमान भयो । एकैछिनपछि ती चाविवालाले मेसिन जडित वाकस खोले । त्यहाँ ह्याण्ड ब्रेकले गाडीलाई एकछिन रोके । विपरित दिशाबाट आउको रेललाई बाटो छोडिदियो । बाकस बन्द गरे । रेलले आफ्नो रफ्टार बढायो ।

वास्तवमा बेलायतको बसमा पनि बढा राम्रो व्यवस्था छ । टेसनमा आयो । यात्रु झाऱ्यो । यात्रु उठायो । हिड्यो । यात्रुले पहिला नै टिकट काटिसकेको हुन्छ । घटी बढी हुँदैन । नेपालमा बढी चल्न चल्तीका यातायातहरु नेपाल यातायात पाटन ढोकाको २६ नक्बर जस्ता गाढीहरु त यात्रुलाई दुःख दिन मात्र पोख्त छन् । यात्रु पर्खन प्रशस्त समय लगाउँला । चाहिए ठाउँमा ओर्लन नपाए पनि उनीहरुको इच्छामा जहँबाट पनि बसमा चढ्न पाइने । भाडाको दर आफू खुशी तोक्ने । भाडा नदिए ठोक्ने पनि । गालि गर्ने जस्ता अमानवीय काम त प्रशस्त यात्रुहरुले सहनु पर्छ । यात्रामा अप्ठेरो पऱ्यो भने गाडी भित्र समाउने व्यवस्थका लागि कुनै पकने साधन जडान गरेको हुँदैन । यहाँ बेलायतीहरु हरेक सीटमा एक एक खम्बा ढडाएका हुन्छन् । प्रत्येक खम्बामा स्टप गर्न यन्त्र जडान छ । माथि पट्टि पनि प्रशस्त तेस्रो गरेर राखिएका संयन्त्रहरु हुन्छन् । मानवीय मूलयलाई कदर गर्न पनिलोभहिन पापहिन सोचाई हुनु पर्छ । मेरो नेपाल । नेपालीहरु प्राइभेट क्षेत्रलाई खुम्चाउने र सुविधामा नियन्त्रण गरेको भनेर सधैं भरी आन्दोलन गर्छन । यसै गरी लुट्न पाउनु पर्छ भन्ने यो प्राइभेट क्षेत्रका साहु महाजनहरु सर्वसाधारण जनतामा लुट्न मात्र आफूलाई महान सम्झन्छन् । निजी क्षेत्रमा सेवा पनि गुणात्मक सुधार गर्न तयार नहुने देखिएको छ । प्रतिस्पर्धात्मक र सेवामा गुणस्तर विकास नभए सम्म नागरिकले खोजेको सम्मानित जीवनको इच्छा चाहना मात्र हुन्छ । नेपालमा उपभोक्ताको हकहितका संरक्षणको लागि प्रभावकारी कानुनको पनि व्यवस्था छैन । सार्वजनिक रुपमा सेवा प्रदायकले सेवाग्राहीलाई अनादर गर्ने प्रवृत्तिले कमि गर्न सकेको छैन । नेपालको सरका शुन्यमा अडेको छ । अन्याय गर्ने शक्तिशाली निजी क्षेत्रलाई धुन पनि सक्दैन । अन्याय परेका सेवाग्राहीको समयमा सेवा पुऱ्याउनु कहिल्यै सचेत छैन । सरकार नभएको समान नै छैन ।

बेलायत हालमा आफ्नो विरासत समाल्न नै कठिनमा छ । आफ्ना सन्तान पाल्न सबै किसिमका कानुनलाई केन्द्रित गर्दैछ । सक्षम विदेशीको सेवा भन्दा पनि आफ्ना निम्नस्तरको नागरिकहरुको सेवामा रम्न थालेको छ । एमविए गरेका विदेशीलाई जागिर बाट विस्थापित गर्न बेलायती नागरिकलाई नै उपलब्ध गराउँदै छ । राम्रो भन्दा हाम्रो खोज्ने अनुवंशीय रोगले यसलाई गाँजेको छ । सर्व प्रथम बेलायतीलाई जागिर दिने । बेलायती नै नभेटिएका युरापियनहरुलाई जागिरको व्यवस्था गर्न नियम कानुनको परिमार्जन गर्न थालेको छ । अनि युरोपियनहरु पनि नभेटिएमा कमनवेल्थका देशका नागरिकहरुलाई जागिर दिने यी देशहरुका नागरिकहरु रम्न हालमा बेलायतमा आकर्षक बनेको बुझियो । कमनवेल्थका देश देखि पनि भारत र पाकिस्तानका नागरिकहरुलाई सुविधा उपलब्ध गराउनमा रेम रमाएको खबरले हामी नेपालीहरु केही नभए पनि साम्राज्यवादीहरुका हातमा नपरेर आफ्नो स्वाधिन सार्वभौम सत्ता सम्पन्न मुलुकलाई बचाउन सकेको कारणले अब भने स्वाभिमान बबचाइ राख्न पनि आफ्नो निजी स्वार्थका लागि बेलायती कुइरेहरुलाई तेलपानी लगाइरहन आवश्यक देखिएन शिक्षा आर्जन गरेर मात्र के भयो र शिक्षा उत्पादनमूलक हुन सकेन भने । अब बेलायती शिक्षा आर्जन गर्न आवश्यक भएन ।

२०६८/०३/१३

राष्ट्रिय वाणिज्य वैककै विनोद न्यौपाने कोइलर्स उर्ड मोर्डनमा बस्छन् । फोन भएको थियो । आफ्नै गाडी लिएर हामीलाई लिन आउने कुरा छ । विहानै कुरा भएथ्यो । आधा घण्टा पैतालिस मिनेटमा आइपुग्ने रे । हामी पनि तयारीमा छौ । राष्ट्रिय वाणिज्य वैकका हामी कर्मचारीहरु । कर्मचारी युनियनमा थियों । विनोद पनि इमान्दार र भद्र मानिस हुन । युनियनलाई कर्मचारीको हक अधिकारको निगरानी गर्ने संस्थाका रुपमा विकास गर्नु पर्ने हो । स्वार्थी व्यक्तिका हातमा कर्मचारी संगको नेतृत्व परेकोले निस्पक्ष रुपमा वृति विकासको सुविधा उनले पनि पाएनन् । जीवन वृत्तिका कार्यमा पक्षपात गर्नेहरुको देशबाट अन्त्य नभए सम्म अन्यायको पनि निमासो हुँदैन । विनोद बाबुको म प्रतिको श्रद्धाले नै पनि आफूलाई उनी प्रति उचित सम्मान जनाउँन रहर जाग्छ ।

उनले आउन अलि ढिलो गरे । पर्खदा पर्खदै बाह्र बजेको घण्टी लाग्दैछ । बाटो त निकै टाडा नै छ रे । यतिकैमा विनोद बाबुको फोन पनि आयो । यो क्षेत्रमा कार पार्किङ्ग स्थान कमै छ । हामी बाटामा निस्कियौ । एकै छिनमा गाडी आइपुग्यो । रोक्ने ठाउँ नै नभएकोले सय डेढ सय फिट टाडा गएर गाडी रोकियो । गइयो । अभिवादन आदान प्रदान भयो । ढिला भएको सूचना पनि पाइयो । गाडीको बाटो जामपनि भएछ । बाटो निर्माण र यात्रामा बाटो पनि भुलिएको कुरा उठे ।

एक जना छम्पीको केसी भाइ पनि साथमा आएका थिए । गाडी हाँक्न उनी चाहि अलि पोख्त रहेछन् ।उनकै २ वर्ष कि छोरी पछाडीको सीट बेबी सिट मा बसाएको रहेछ । मस्त निन्द्रामा सुतेकि निश्चता, निस्छल निदाएको । प्रकृतिमा रमेर आएका बाल बच्चाको जीवन निश्चय पनि पवित्र छ । यहाँको विकास हामीले सोचे बुझै भन्या उत्तम पाराले भएको नै रहेछ । सयौं वर्ष अघि



बनेका घरहरुले आफ्नो जीउँदो जाग्दो विकासको प्रमाण पेश गरेका छन् । यात्रु बस कुद्ने बाटोमा अरु गाडी हुद्न नपाउने व्यवस्थाले जनताको सेवामा विशेष ध्यान पुऱ्याएको ठहर्छ । बाटाको किनारा तिर साना साना पोल खम्बामा त्यो क्षेत्रमाकति तेजमा गाडी गुडाउन सकिन्छ न्ने सूचना दिएको हुन्छ । ४० किलो प्रति घण्टा भन्दा बढी कतै पनि तेज गतिमा कुदाउन नपायने व्यवस्थाले नै दुर्घटनाको सम्भावना कमै हुने विश्वास गर्न सकिन्छ । विशेष गरेर शहरी क्षेत्रमा २०/२५ किलो भन्दा तेजमा गाडी कुडाउन नपाइने व्यवस्था त झनै राम्रो व्यवस्था हो ।

बाटोमा कही कतै ट्राफिकको दर्शन पाइदैन । प्रशस्त सिसिटीभीको जडानले प्रत्येक ड्राइभरलार्य सचेत गराइ रहने हुँदा मानवीय प्राणीको गाडीको रेखदेख गरिरहन आवश्यक देखिएन । बसको बाटो खालि भए पनि त्यसलाई कुल्थेर पार गर्न नपाइने व्यव्स्था उत्तम कोटीको यात्रु सेवामा सुविधा पुऱ्याउने र ट्राफिक जाममा पनि बसको यात्रालाई सहज बनाइ राख्ने उपाय हो । कसैले पनि बाटोको नियमलाई दरवल अन्दाज गर्न नपाएने व्यवस्था प्रशंसनीय मान्नु पर्छ । अलिच आसेनलबाट कौइलसउड सम्म पुग्न लगभग पचास माइल छ रे । करिव डेडघण्टामा बाटो पार गरियो । वास्तवमा यति लामो बाटो भएमा बाटासाइजमा शहरी बजारे पसलहरु उपस्थिति पाइयो । हेस्टिङ्ग जाँदा बाटाभरी बाँझेभूमि प्रशत थियो । कार्डिफ जाँदा पनि फ्यालो लैण्ड जौं गौ वारी मकै वारी पनि पाइएको थियो । तर यो बाटोमा बाटा वरिपरि घर र पसलहरु र ठाउँ ठाउँमा स्कूल कलेजहरु भेटिए । खाली जग्गा भनेको खेल मैदान मात्र उपस्थित थिए । विनोदजीको वासस्थान पुग्ने अगाडि नै डिपार्टमेन्टल स्टोरमा पसेर सपिङ्ग गरियो । धेरै सामानहरु लिएर वास्थान पुगियो । घरमा छोराछोरीसंग भेट भयो । विनोदजीको मेडम अस्पतालमा काममा जानु भएको रहेछ । बसियो । पाउरोटी ज्यूनार भयो ।एकक्षण बसियो । बासु मिश्रजीसंग कुराकानी भयो । विदुर मैनालीजी पनि छारीको दीक्षान्त समारोहमा आएका रहेछन् । मोडनमा बसेका । बुढाबुढी दुबै आएका छोरी ऱ्याडिसन होटलमा काम गर्दै गरेको । *क्रमशः*

## शिक्षामा साँच्चीकै सुधार ...

ठूलो प्रयास गर्दै आएका छन् । त्यसैगरी समाजसेवी सुरेन्द्र ढकालले आफ्ना जर्मनीमा रहेका साथीभाइलाई आह्वान गरेर ठूलो संख्यामा विद्यार्थीलाई छात्रवृत्ति दिँदै आएका छन् । दुई वटा बच्चाको अभिभावकत्व लिएर सञ्चार माध्यममा धुँवाधार रुपमा प्रचार गर्ने नेताहरुले आफ्नो ठाउँमा निरन्तर खटेर शैक्षिक क्षेत्रको विकासमा लाग्ने समाजसेवीहरुलाई पनि सम्झनुपर्छ । उनीहरुले ठूलठूला काम गर्दा पनि प्रचार खोजेका छैनन् ।

सामुदायिक र निजी विद्यालयबीचको खाडल पुर्न दुई चारजना अथवा केही दर्जन विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दैमा सम्भव छैन । नीतिगत रुपमै राज्यले परिवर्तन ल्याउन सक्नुपर्छ । निजी विद्यालयसँग प्रवेशिका परीक्षाको नतिजामा प्रतिस्पर्धा गर्न नसकेपछि लाज बचाउन शिक्षा मन्त्रालयका अधिकारीहरुले फेल नै नहुने सिस्टम लागू गरेका छन् । कोही विद्यार्थी फेल नहुने भएपछि पढ्ने किन ? भन्ने गम्भीर प्रश्न गाउँघरमा उठ्न थालेको छ । यो फेल नहुने नीतिले गर्दा गाउँघरका बालबालिका उच्च शिक्षाबाट वञ्चित बनिरहेका छन् । राम्रो ग्रेडमा पास हुनेले मात्र रोजेको विषय पढ्न पाउँछन् । गाउँघरमा राम्रो ग्रेड सम्भव छैन । पास हुन पढिरहनु पर्दैन, त्यसैले झन् भद्रगोल अवस्था आएको छ ।

शिक्षामा साँच्चीकै सुधार गर्ने हो भने सबैभन्दा पहिला शिक्षकहरुलाई दलको झोले बन्नबाट मुक्त गराई पेशाप्रति उत्तरदायी बनाउनुपर्छ । त्यसैगरी व्यवस्थापन समितिमा राजनीतिक भागबन्डाको अन्त्य हुनुपर्छ । राष्ट्रिय ढिकुटी देखी तलब बुझ्ने सबै शिक्षक, राष्ट्रसेवक कर्मचारी, सेना, पुलिस, राजनीतिकर्मी लगायतका बालबालिका साामुदायिक विद्यालयमा अनिवार्य भर्ना गर्नुपर्छ । गरिब विद्यार्थीको पहिचान गरी राज्यले नै पोसाक, शैक्षिक सामग्री, झोला, खाजा व्यवस्था गर्नुपर्छ । सामुदायिक विद्यालयमा विषयगत शिक्षकहरु अभाव हुन दिनु हुन्न । भौतिक अवस्थामा सुधार गर्नुपर्छ । अनि मात्र शिक्षामा सुधार आउला होइन भने नेताहरु देखावटी सेलिब्रेटी बन्दैमा परिवर्तन सम्भव छैन ।

## समृद्धिको सपना...

यस कालखण्डमा पाँचवटा सशस्त्र विद्रोहको भारी पनि बोक्यो । तीमध्ये एक दशक लामो माओवादी द्वन्द्वमा १७ हजार ८ सय ३१ ले ज्यान गुमाए र १ हजार ५ सय १७ बेपत्ता पारिए । ८ हजार १ सय ९१ अंगभंग, ५ सय बालबालिका अनाथ र ७२ हजार बढी मानिसहरु विस्थापित भए । यस अवधिमा २००७ सालअघि र पछि निर्माण भएका भौतिक संरचनाहरु ध्वस्त पारिए । ढिलो सुरु भएको नेपालको आधुनिकीकरण माओवादी द्वन्द्वको प्रक्रियाले झन् पछि धकेलियो । कतिपय मानिसहरु असल तानाशाह नभई मुलुक नबन्ने भयो भन्छन् । दुईतिहाई मत ल्याई प्रधानमन्त्री बनेका केपी ओली तानाशाह बन्ने आशंका नेपाली कांग्रेसले गरिरहेको छ । केही विभागहरुलाई उनले आफ्नो मातहतमा राखेपछि यस्तो आशंका कांग्रेसले गरेको हुन सक्छ । ओली विकासवादी तानाशाह भएमा कांग्रेसले आपत्ति गर्नुपर्ने कुनै कारण छैन । ०४६ सालको राजनीतिक परिवर्तनपछि अधिकांश समय देशमा कांग्रेसकै शासन चल्यो । तर देश झन् दरिद्र र भ्रष्ट हुन पुग्यो । ४० लाख युवा शक्तिले रोजगारी खोज्न विदेश भासिनु पऱ्यो । आर्थिक उदारीकरणका नाममा व्यापारीहरुलाई संस्थानहरु कमिसनको चक्करमा बेचेर कांग्रेसले देशमा भयावह बेरोजगारीको स्थिति निम्त्यायो । स्थानीय, प्रदेश र संघीय संसदको चुनावमा कांग्रेसलाई हराएर नेपाली जनताले सजाय दिइसकेका छन् । सिंगापुर र मलेसियाका ली क्वाङ हु र डा. महाथिर मोहम्मद जस्तै ओली तानाशाह भए कांग्रेसलाई किन टाउको दुखाइ ? कांग्रेस सभापति देउवाले कम्युनिस्ट अधिनायकवाद सुरु भइसकेको भनेका छन् । देशलाई आर्थिक समृद्धितर्फ डोऱ्याउने ओली जमर्कोलाई अधिनायकवाद देख्नु देउवाको दृष्टि भ्रम मात्र हो । सिंगापुर, दक्षिण कोरिया, मलेसिया जस्ता मुलुकहरु आजको अवस्थामा आइपुग्न ती देशका नेताहरु ली क्वाङ यु (सन् १९५९-१९८८) जनरल पार्क चु हिङ (१९६३-१९०९) तथा महाथिर मोहम्मद (१९०१-२००३) ठूलो योगदान छ । तर नेपालले ती मुलुकका शासकहरुले जस्तो लामो अवधिसम्म शासन गर्ने जनताको छोरो पाउन सकेन । राजाहरुले ती मुलुकमा जस्तो राजनीतिक स्थिरता कायम हुन दिएनन् ।

भूपरिवेष्ठित र प्रमाणित खनिज सम्पदाविहीन अफ्रिकी मुलुक रुवान्डाले सन् १९६२ मा स्वतन्त्रता पाउनु अघिदेखि नै बहुसंख्यक हुतु र अल्पसंख्यक तुत्सी समुदायबीचको संघर्ष खेप्दै आएको थियो । त्यहाँ सन् १९९४ मा बहुसंख्यक हुतुहरुले अल्पसंख्यक तुत्सी र तिनका समर्थक हुतुहरुको नरसंहार गरे जसमा १० लाखको मृत्यु भएको अनुमान गरिएको छ । यो नरसंहारपश्चात् युगान्डामा आश्रित तुत्सी शरणार्थीहरुले सोही वर्ष सत्ता कब्जा गरे । विस्तारै राजनीतिक स्थिरता कायम भयो र रुवान्डाले अहिले विकासको गति समातेको छ । संसारकै गरिबमध्ये इथियोपिया एक दशकदेखि आर्थिक वृद्धिदर १० प्रतिशतले गरिरहेको छ । इथियोपिया पनि नेपाल जस्तै भूपरिवेष्ठित देश हो । ग्यन्ड इथोपियन रेनेसा डयाम बनाएर ६ हजार मेगावाट विद्युत उत्पादन गरिरहमेको छ जसको लागत ४.६ विलियनन अमेरिकी डलर रहेको छ । अफ्रिकी महाद्विपको ठूलो विद्युत परियोजना बनाएर इथियोपियाले समृद्धिको फड्को मार्न सक्छ भने अपार जलस्रोतको धनी देश नेपालले किन विकास गर्न सक्दैन । यसका लागि चाहिने राजनीतिक स्थिरता र भ्रष्टाचार मुक्त दृढ अठोटको नेतृत्व नै हो । अहिले मुलुकले पाँचवर्षे स्थिर सरकार पाएको छ र प्रम ओलीले राराबाटै समृद्धिको घोषणापत्र वाचन गरेका छन् । विकास र समृद्धिको सपना के नेपाली देख्न पाउनु हुन्न ?

## रेलमा...

केरुङ, काठमाडौं, पोखरा हुँदै लुम्बिनीसम्म चिनियाँ रेलवेले जोड्ने र तत्काल डीपीआर तयार गर्ने सहमति भएपछि चीन र भारत को पहिला भन्ने प्रतिस्पर्धा बढ्ने भएको छ । गत बुधबार बेइजिङमा चीनका विदेश मन्त्री वाङ यीसँगको भेटवार्तामा रेलवे मार्ग, व्यापार, पूर्वाधार, पर्यटन क्षेत्रको विकासमा सहकार्य गर्ने विषयमा छलफल भएको छ । वान बेल्ट वान रोडमार्फत क्रस हिमालयन कनेक्टिभिटी नेटवर्क अघि बढाउने योजना अन्तर्गत चीनका विदेश मन्त्री याङ्यीले परियोजनाले नेपाल चीन र भारतबीच आर्थिक करिडोरको वातावरण बन्ने विश्वास व्यक्त गरेका छन् । चीनमा नेपालको पर्यटन प्रबर्द्धन गराउने विषयमा पनि सहमति भएको छ । पूर्वप्रधानमन्त्रीहरु केपी ओली र पुष्पकमल दाहाल चीन भ्रमण गर्दा भएका सम्झौताहरु कार्यान्वयन गराउने सहमति भएको परराष्ट्रमन्त्री ज्ञवालीले प्रेसलाई जानकारी गराएका छन् ।

## क्रिश्चियन धर्म ...

मर्सी तालिम केन्द्र परियोजना स्वीकृतिका लागि पेस गरेको प्रारम्भिक प्रस्तावको सिरियल नम्बर ७ मा चर्चसँग आबद्ध युवालाई ग्रामीण तथा हिमालय क्षेत्रमा परिचालन गर्न प्रशिक्षित गर्ने, बाइबलको ज्ञान फैलाउने तथा स्थानीय चर्चमा नेतृत्व विकास गर्ने, हिमाली जिल्लाका दुर्गम ग्रामीण क्षेत्रमा अल्पकालीन मोबाइल बाइबल तालिम सञ्चालन गर्नका लागि सक्षम प्रशिक्षक तयार गर्ने उल्लेख छ । सो संस्थाको ०७१।७२ को प्रगति प्रतिवेदनमा ६ महिने बाइबल तालिमबाट १० जना दीक्षित भएको, घुम्ती बाइबाल तालिमबाट ३०० जना पास्टरलाई तालिम दिइएको उल्लेख छ । यस्तै काम गर्ने अर्को संस्थालाई पनि परिषद्ले स्वीकृति दिएको भेटिएको छ । प्रतिवेदनमा उल्लेख भएअनुसार तीन जिल्लाका सिमान्तकृत जनताको जीवनयापन सुधार एवं दिगो जीवन यापनका लागि क्षमता अभिवृद्धि गर्न १४ जुन २०१३ मा परिषद्सँग ५ करोड २३ लाख ७० हजारको परियोजना सम्झौता गरेको टियर फन्ड बेलायतको संस्थागत उद्देश्यमा संसारभरका मानिसलाई गरिबी, पीडा र रोगबाट मुक्ति दिलाउँदै क्रिश्चियन शिक्षा र ज्ञान प्रदान गर्ने उल्लेख छ । सो गैरसरकारी संस्थासँग कार्य गर्ने स्थानीय गैरसरकारी संस्थासँग १६ जुलाई २०१३ मा भएको सम्झौता पत्रमा क्रिश्चियनको अस्तित्व कायम गर्ने र अनुयायीबीच एकता कायम गर्न क्रिश्चियन कर्मचारी भर्ना गर्न प्रतिबद्ध गराएको देखिएको महालेखाले उल्लेख गरेको छ ।